का.जि.प्र.का.द.नं. १००/०५२/६०
१७ कात्तिक २०८३
मंगलबार
3 November 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



स्वेच्छाचारी बाटोमा सरकार

ठेक्का रद्द गराउन कर्मचारी नियन्त्रण

सुनकोशी-मरिण आयोजनाको ठेक्का रद्द, कर्मचारी नियन्त्रण र पत्रकार पक्राउका घटनामा प्रधानमन्त्री कार्यालयको भूमिकामाथि प्रश्न उठेको छ। मौखिक आदेशमा हुने पक्राउ र धरपकडले सरकार स्वेच्छाचारी बाटोमा अघि बढ्दै गएको देखाउँछ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १६ कात्तिक

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शुक्रबार जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक कृष्णप्रसाद रिजाललाई दिनभर नियन्त्रणमा राख्यो। बिहीबार आयोजना अनुगमनका लागि काठमाडौंबाट निस्किएका उनीहरूलाई फिल्डबाटै प्रहरीले नियन्त्रणमा लिएर प्रधानमन्त्री कार्यालयमा बुझाएको थियो।

प्रधानमन्त्री कार्यालयको आदेशअनुसार उनीहरूलाई नियन्त्रणमा लिएर बुझाइएको नेपाल प्रहरीका एक उच्च अधिकारीले बताए। 'उनीहरूलाई प्रहरीले आफ्नो मातहत राखेन, सिधै प्रधानमन्त्री कार्यालयको आदेशअनुसार लिएर बुझाएका हौं। त्यसपछि उहाँहरूलाई कहाँ पठाइयो, थाहा भएन,' ती प्रहरी अधिकृतले मध्यान्हलाई बताए।

दुवै कर्मचारीलाई नियन्त्रणमा लिनुको मुख्य कारण सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नयाँ ठेक्का प्रक्रिया रद्द गर्नु रहेको सरकारी अधिकारीहरू बताउँछन्। शुक्रबार प्रधानमन्त्री कार्यालयमा भएको छलफलपछि सोही दिनको मिति राखेर सिँचाइ विभागले ठेक्का रद्द गरेको सूचना जारी गरेको छ।

बोलपत्रको आर्थिक प्रस्ताव सोमबार खोल्ने तयारी भइरहेको अवस्थामा आयोजनाको बाँध र विद्युत् गृह निर्माणको ठेक्का रद्द गरिएपछि थप अन्योल बढेको छ। ठेक्का रद्द गर्नुपरेको कारणबारे विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले प्राविधिक विषय भएकाले आफूले केही भन्न नसक्ने बताए। 'यो प्राविधिक विषय हो,' उनले भने, 'धेरै विषय सार्वजनिक रूपमा पनि आइसकेका छन्। तर म प्रशासनिक व्यक्ति भएकाले यसको विस्तृत कुरा प्राविधिकलाई नै सोध्नुपर्छ।'

ठेक्का प्रतिस्पर्धामा सहभागी ६ वटा निर्माण कम्पनीमध्ये प्राविधिक मूल्यांकनमा तीनवटा कम्पनी उत्तीर्ण भएका थिए। तीन चिनियाँ कम्पनी चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन, एन्जेङ-आरसिसी जे भी र सिनोहाइड्रो पृष्ठ २ मा



सरकारले सुरुवाती चरणमै स्वेच्छाचारी, गैरलोकतान्त्रिक र गैरकानुनी बाटो समातेर निरंकुशतातर्फ लागेको देखिन्छ। आदेशका भरमा भएका अधिकांश पक्राउ, धरपकड नागरिकलाई आतंकित बनाउने कार्य कानुनविपरीत हो।

दिनेश त्रिपाठी
वरिष्ठ अधिवक्ता



सरकारले एउटा घटना छोप्न अर्को घटना घटाउने शृंखला नै चलाएको छ। भूराजनीतिक संवेदनशीलता, लोकतान्त्रिक मूल्य-मान्यतामाथि भइरहेको प्रहार र गैरकानुनी नियन्त्रणले सरकारप्रति आशंका बढेको छ।

शंकर पोखरेल
महासचिव, नेकपा एमाले

बिमाले धान्दैन गम्भीर रोगको उपचार

विपन्नलाई खर्च जुटाउनै सकस

स्वास्थ्य बिमा र सरकारी सहायता कार्यक्रम हुँदाहुँदै गम्भीर रोगका बिरामी उपचार खर्च जुटाउन नसकेर अस्पतालबाटै फर्किनुपर्ने अवस्था छ। क्यान्सर, मुटु, मिर्गौला, कलेजो तथा मस्तिष्कसम्बन्धी जटिल रोगको उपचार लामो समयसम्म गर्नुपर्ने र महँगा औषधि तथा शल्यक्रियामा ठुलो रकम खर्च हुने भएकाले आर्थिक रूपमा कमजोर परिवार थप संकटमा पर्ने गरेका छन्।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १६ कात्तिक

पाटन अस्पतालको अंकोलोजी वार्डको बेडमा क्यान्सरका एक बिरामी किमोथेरापीका लागि तयारी अवस्थामा थिए। स्वास्थ्य बिमाको कार्ड भएकाले उपचारमा समस्या नहुने विश्वाससहित उनी अस्पताल पुगेका थिए। चिकित्सकले औषधि लिन पर्चामा लेखिदिए। तर, फार्मेसीमा औषधि लिन जाँदा क्यान्सरको औषधि स्वास्थ्य बिमाबाट नपाइने जवाफ पाए।

तत्काल औषधि किन्ने खर्च जुटाउने उपाय परिवारसँग थिएन। किमोथेरापीको समयसमेत तोकिसकिएको थियो। आर्थिक अभावका कारण उपचार रोक्नुपर्ने अवस्था आयो। बिमाको भरमा अस्पताल पुगेका ती बिरामीले उपचार नै नगरी घर फर्किनुपऱ्यो। मनभरि पीडा र आँखाभरि आँसु लिएर परिवारले बेडमा सुताइएका बिरामीलाई उठाएर अस्पतालबाट बाहिर लगे।

ती बिरामी एउटा उदाहरण मात्र हुन्। गम्भीर प्रकृतिका रोग लागेपछि उपचार खर्च जुटाउन नसकेर विपन्न व्यक्तिले उपचारबाट वञ्चित हुनुपर्ने अवस्था छ। सरकारले विपन्न परिवारका लागि सहायता रकम छुट्याए पनि एक खुराक औषधि किन्नसमेत त्यो रकम पर्याप्त नहुने भुक्तभोगीहरू बताउँछन्।

गम्भीर रोगको उपचारमा लाखौंसम्म खर्च गर्नुपर्ने हुन्छ। क्यान्सर, मुटु, मिर्गौला, कलेजो तथा मस्तिष्कसम्बन्धी जटिल रोगको उपचार लामो समयसम्म गर्नुपर्ने हुनसक्छ। महँगा औषधि तथा शल्यक्रियामा ठुलो रकम खर्च हुने भएकाले आर्थिक रूपमा कमजोर परिवार थप संकटमा पर्ने गरेका छन्।

यस्ता बिरामीलाई आर्थिक भारबाट राहत दिन सरकारले विभिन्न उपचार सहायता तथा स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर, उपचार खर्चको तुलनामा सरकारी सहायताको सीमा, कार्यक्रमको पहुँच र प्रक्रिया पर्याप्त छन् कि छैनन् भन्ने प्रश्न उठिरहेको छ। कतिपय विपन्न परिवारलाई अस्पतालले दिने सुविधाबारे जानकारीसमेत नहुँदा उपचारका लागि भौंतारिनुपर्ने अवस्था छ।

सरकारले विपन्न नागरिक औषधि उपचार कार्यक्रममार्फत क्यान्सर, मुटुरोग, मिर्गौला रोग, पार्किन्सन, अल्जाइमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाजस्ता रोगको उपचारमा सहुलियत उपलब्ध गराउने व्यवस्था पृष्ठ २ मा



एआई



मुटुको सानो अप्रेसन गर्नुपऱ्यो भने कम्तीमा पनि एक लाख रुपैयाँ त खर्च हुन्छ नै, बिमाबाट पाउने रकम पर्याप्त होइन। उपचारका लागि रकम पर्याप्त भएन भनेर धेरै गुनासो, सुझावहरू आउँछन्।

विकेश मल्ल
सूचना अधिकारी
स्वास्थ्य बिमा बोर्ड

५० वर्षपछि वैधतातर्फ गाँजाखेती

अन्तर्राष्ट्रिय चासोका कारण तत्कालीन सरकारले २०३३ सालमा लागुऔषध (नियन्त्रण) ऐन ल्याएर नेपालमा गाँजामाथि प्रतिबन्ध लगाएको थियो। यसको पाँच दशकपछि प्रतिबन्धित अवस्थालाई संशोधन गरेर गाँजाको औषधीय, वैज्ञानिक र औद्योगिक उपयोगका लागि कानुनी व्यवस्था गर्न सर्वोच्च अदालतले बाटो खोलिएको छ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १६ कात्तिक

नेपालमा गाँजा खेती कानुनतः प्रतिबन्ध भएको पाँच दशक भयो। अन्तर्राष्ट्रिय चासोका कारण तत्कालीन सरकारले २०३३ सालमा लागुऔषध (नियन्त्रण) ऐन ल्याएर नेपालमा गाँजामाथि प्रतिबन्ध लगाएको थियो। यसको पाँच दशकपछि प्रतिबन्धित अवस्थालाई संशोधन गरेर गाँजाको औषधीय, वैज्ञानिक र औद्योगिक उपयोगका लागि कानुनी व्यवस्था गर्न सर्वोच्च अदालतले बाटो खोलिएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गाँजालाई पूर्ण प्रतिबन्धको दृष्टिकोणबाट मात्र नहेरी आवश्यक नियन्त्रण र नियमनमार्फत यसको उपयोग गर्न सकिने गरी फैसला गरेको हो। यसअन्तर्गत औषधीय, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेती र उत्पादनलाई नियमनसहित कानुनी मान्यता सरकारका नाममा परमादेश जारी भएको छ।

हालै सार्वजनिक यस्तो फैसलाको पूर्ण पाठअनुसार सरकारले लागुऔषध (नियन्त्रण) ऐन, २०३३ तथा अन्तर्राष्ट्रिय महासन्धिको व्यवस्थासँग मेल खाने गरी गाँजाको नियन्त्रित खेती र उत्पादनसम्बन्धी नियमावली, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेछ। व्यावसायिक खेती, उत्पादन, पृष्ठ २ मा





नेपाली मैदानमा वार्नर

अस्ट्रेलियाका पूर्वकप्तान तथा विस्फोटक ओपनर डेभिड वार्नरले नेपाल प्रिमियर लिग (एनपिएल)मा सहभागिता जनाएका छन्। अन्तर्राष्ट्रिय क्रिकेटमा आफ्नो छुट्टै पहिचान बनाएका वार्नरले काठमाडौं गोर्खाजबाट सोमबार एनपिएलमा आफ्नो पहिलो खेल खेले। उनले १० बलमा १६ रन बनाए। यस खेलमा काठमाडौंले कर्णाली याक्सलाई ४ विकेटले हरायो।

तस्बिर : सुर्याम्स उप्रेती/नेपाल फोटो लाइब्रेरी

वैदेशिक रोजगार विशेष

सरकारी माध्यमबाट श्रमिक पठाउने नीतिप्रति संघको चासो

मध्यान्ह संवाददाता
काठमाडौं, १६ कात्तिक


नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारी माध्यमबाट वैदेशिक रोजगारीमा श्रमिक पठाउने नीतिमा निजी क्षेत्रको भूमिका, सहभागिता तथा सहकार्यको स्पष्ट व्यवस्था गर्न माग गरेको छ।

संघले सोमबार युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवलाई भेटेर वैदेशिक रोजगार व्यवसायको क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती तथा आवश्यक नीतिगत सुधारका विषयमा विस्तृत रूपमा ध्यानाकर्षण गराएको हो।

संघले वैदेशिक रोजगार विभाग, ताहाचलमा फेमिस सिस्टम, राहदानीलगायतका विषयमा पनि छलफल गरेको थियो। तर, मुख्य रूपमा सरकारले जिटुजी माध्यमबाट श्रमिक पठाउँदा ठुलो लगानीमा व्यवसाय गरेका व्यवसायीमाथि आघात पर्ने भन्दै सरकारी माध्यमबाट वैदेशिक रोजगारीमा श्रमिक पठाउने नीतिमा निजी क्षेत्रको भूमिका, सहभागिता तथा सहकार्यको स्पष्ट व्यवस्था हुनुपर्नेमा जोड दिएको थियो।

दक्षिण कोरिया र इजरायलमा सरकारले सरकारी स्तरबाटै श्रमिक पठाउँदै आएको छ। पछिल्लोपटक मरिससँग रोजगारदाताले भर्ना प्रक्रियाको सम्पूर्ण खर्च व्यहोर्ने मोडलमा जिटुजी सम्झौतालाई अगाडि बढाएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमाथि व्यवसायीको दबाब बढेको छ। मन्त्रालयले मरिससमा निजी क्षेत्रको सहभागिता लगभग शून्य हुने गरी जिटुजी मोडल अघि बढाउने संकेत दिएको छ। व्यवसायीहरूले श्रमिकको हित र निजी क्षेत्रको अधिकारबीच सन्तुलन कायम गर्दै व्यवसायीले श्रमिक पठाउने भूमिका कमजोर हुन नहुने दृष्टिकोण राख्दै आएका छन्।

जवाफमा मन्त्री यादवले संघले उठाएका विषय तथा समस्याहरूप्रति सकारात्मक चासो र प्रतिबद्धता पृष्ठ २ मा



विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुठा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ कात्तिक २०८३ मंगलबार
3 November 2026 Tuesday

जापानका लागि प्रस्तावित राजदूत थापाले फिर्ता लिए नाम

काठमाडौं/मस- जापानका लागि नेपालको प्रस्तावित राजदूत जिज्ञानकुमार थापाले आफ्नो नाम फिर्ता लिएका छन्। संसदीय सुनुवाइ समितिको सोमबारको बैठकमा सभापति बोधनारायण श्रेष्ठले प्रस्तावित राजदूत थापाले नाम फिर्ता लिएको जानकारी दिए।

उनकाअनुसार थापाले



आफूविरुद्ध उठेको स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) सम्बन्धी प्रश्नका कारण राजदुतका लागि दिएको आफ्नो नाम फिर्ता लिने समितिलाई जानकारी दिएका हुन्।

सभापति श्रेष्ठले थापाको व्यक्तिगत तथा व्यावसायिक प्रोफाइल राम्रो भएपनि स्वार्थको द्वन्द्वको विषय उठेकाले उक्त निर्णय लिनुपरेको बताए। थापाले आफूलाई कानुनी रूपमा राजदूत बन्न रोकावट नहुने भएपनि व्यक्तिगत विषय जोडिएकाले नाम फिर्ता लिने निर्णय गरेको बताएको सभापति श्रेष्ठले समितिलाई जानकारी दिए। थापाको परिवार हाल जापानको स्थायी बासिन्दा रहेकाले समिति सदस्यहरूले प्रश्न उठाएका थिए।

स्वेच्छाचारी...

कर्पोरेसन लिमिटेड चाइना अन्तिम प्रतिस्पर्धामा थिए। सोमबार उनीहरूबीच आर्थिक प्रस्ताव खोल्ने तयारी थियो।

प्रतिस्पर्धाबाट बाहिरिनेमा भारतीय निर्माण कम्पनी सिल (एसआइएल), भियतनामको सोङ्दा कर्पोरेसन र चिनियाँ कम्पनी सिआरइजिसी-एसडब्लुडिसिसी जेभी थिए। प्रधानमन्त्री कार्यालयले भारतीय निर्माण कम्पनीलाई ठेक्का दिनुपर्ने चासो राखेपछि यस्तो घटना भएको सरकारी अधिकारी बताउँछन्। तर विभागका महानिर्देशक रजौरियाले ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा कानुनी समस्या देखाएर ठेक्का रद्द गर्न मानेका थिएनन्।

यसअघि आयोजनाको ठेक्का प्रक्रिया प्रचलित ऐन तथा नियमावलीविपरीत भएको पाइएपछि उक्त प्रक्रिया रद्द गरिएको र अब संशोधित ऐन तथा नियमावलीअनुसार ठेक्का प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिइसकेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

यस अघि विभागीय मन्त्री विराजभक्त श्रेष्ठकै सहमतिमा ठेक्का प्रक्रिया अघि बढिरहेको थियो। उनी देशबाहिर रहेका बेला प्रधानमन्त्री कार्यालयले विभागीय प्रमुखलाई नियन्त्रणमा लिएर ठेक्का रद्द गराएको हो। यो घटनालाई गत असारमा पासपोर्ट छपाइको ठेक्का रद्द गराउने प्रयाससँग जोडेर पनि हेरिएको छ। त्यतिबेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमै दिनभर राखेर अनुसन्धान पूरा नभएको मुद्दा अघि बढाउन बाध्य पारिएको थियो। तर परराष्ट्रमन्त्री शिशिर खनालको अडानका कारण त्यतिबेला ठेक्का रद्द हुन पाएन।

प्रधानमन्त्री कार्यालयको चासो सम्बोधन गर्ने नाममा नेपाल प्रहरीले शुक्रबार केही पत्रकारलाई पक्राउ गऱ्यो भने केही सञ्चारगृहको समाचार कक्षमै पुगेर धरपकड गऱ्यो। नेपाल प्रेस अनलाइनका पत्रकार विश्वमणि सुवेदीलाई कार्यालयबाटै पक्राउ गरियो। मोटिभेट न्युजका पत्रकार शोभराज बराल र डिएनए खबरका सम्पादक धीरज बस्नेतलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले कार्यालयमा बोलाएर नियन्त्रणमा लियो।

त्यस्तै, नयाँ पत्रिकाको कार्यालयमा सादा पोसाकका प्रहरी पुगेर पत्रकार नवराज मैनालीलाई खोजेका थिए। दियो पोस्टका प्रधानसम्पादक सुदीप विश्वकर्मा र समाचार संयोजक मदन ढुंगानाको खोजी गरे पनि उनीहरू फेला परेनन्।

घटनाको चौतर्फी विरोध भएपछि प्रधानमन्त्री कार्यालयले पत्रकार पक्राउको घटनाबारे अनभिज्ञता जनाउँदै पक्राउ परेकालाई छाड्न आदेश दिएको थियो। नेपाल प्रहरीले यस सन्दर्भमा प्रधानमन्त्री कार्यालयको चासो सम्बोधन गर्ने क्रममा पत्रकारलाई सोधपुछका लागि पक्राउ गरिएको बतायो।

केही प्रहरी अधिकारीले भने प्रधानमन्त्री कार्यालयले प्रहरी प्रमुख दानबहादुर कार्कीलाई विवादमा तान्ने र पदमुक्त गर्ने योजनासहित यस्ता गतिविधि भइरहेको दाबी गरेका छन्। तर सरकारले कुन अभियोगमा, कुन समाचारका कारण र कसको आदेशमा पत्रकारलाई पक्राउ गरिएको हो भन्ने स्पष्ट जवाफ दिएको छैन। उल्टै प्रधानमन्त्रीको सचिवालयले २८ पत्रकारको सूची पठाएको भन्ने विभिन्न माध्यमका समाचारलाई व्यंग्य गर्दै प्रधानमन्त्री वालेन्द्र शाह र उनका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकारले सामाजिक सञ्जालमा हँसिमजाक बनाएका छन्।

यस्तै प्रकृतिको घटना गत असारमा पनि भएको थियो। असार २९ गते बिहान कान्तिपुर पब्लिकेसन्स, अनलाइनखबर र हिमालय टेलिभिजनका कार्यालय तथा केही नेताका घरअगाडि एकै समयमा शंकास्पद रूपमा गाडी पार्किङ गरिएका थिए। आतंक फैलाउने गरी गरिएको उक्त घटनाको अझै छानबिन भएको छैन।

प्रहरी अनुसन्धानमा कान्तिपुरको कार्यालयअगाडि राखिएको गाडी राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय अनुसन्धान तथा अभिलेख विभागसँग आबद्ध रवि जैसवालले प्रयोग गर्ने गरेको खुलेको थियो। त्यसबेला पनि प्रधानमन्त्री कार्यालयको सचिवालयकै निर्देशनमा घटना भएको भन्दै चौतर्फी आलोचना भएको थियो।

यी दुवै घटनामा सरकारले गम्भीर छानबिन गर्नुपर्ने माग सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीसहित सबै राजनीतिक दल, पत्रकार महासंघ र सरोकारवाला संघसंस्थाले गरेका छन्। यद्यपि, सरकारले घटनामा आफ्नो संलग्नतालाई ढाकछोप गर्दै गैरकानुनी तथा शंकास्पद गतिविधिको अनुसन्धान र छानबिन प्रक्रिया अघि नबढाएको आरोप छ।

प्रधानमन्त्री कार्यालयले एउटा घटनालाई विषयान्तर गर्न अर्को घटनालाई हाइलाइट गर्दै सार्वजनिक बहसमा ल्याउने गरेको विपक्षीको आरोप छ। नेकपा एमालेका महासचिव शंकर पोखरेलले वर्तमान सरकारको कार्यशैलीले स्वेच्छाचारिता उजागर गरेको टिप्पणी गरे। 'सरकारले एउटा घटना छोप्न अर्को घटना घटाउने शृंखला नै चलाएको छ,' उनले भने, 'भूराजनीतिक संवेदनशीलता र लोकतान्त्रिक मूल्य-मान्यतामाथि भइरहेको प्रहार, नागरिकमाथिको गैरकानुनी नियन्त्रणले सरकारको स्वेच्छाचारिता पुष्टि हुन्छ।'

आदेशकै भरमा जथाभावी पक्राउका शृंखला

सुरुदेखि नै प्रधानमन्त्री कार्यालयले मौखिक आदेशकै भरमा शासन सञ्चालनको अभ्यास गर्दै आएको आरोप लाग्दै आएको छ। सरकार गठनलगत्तै पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रधानमन्त्री तथा गृहमन्त्रीको मौखिक आदेशमा पक्राउ गरिएको थियो। उनीहरूलाई करिब दुई साता राखेर छाडियो।

त्यसयता मौखिक आदेश पालना गर्दै प्रहरीले पूर्वऊर्जा तथा सिँचाइमन्त्री दीपक खड्का, एमाले उपाध्यक्ष विष्णु पौडेल, रेखा शर्मासहित केही राजनीतिकर्मी, व्यवसायी र कर्मचारीलाई पक्राउ पुर्जीबिनै नियन्त्रणमा लिएको र कुनै अनुसन्धान तथा कारबाहीबिनै छाडेको छ।

तत्कालीन गृहसचिव कृष्णहरि पुष्करलाई प्रधानमन्त्री शाहलाई एसएमएस गरेको आरोपमा जेठ २१ गते पक्राउ गरी करिब सात घण्टा प्रधानमन्त्री कार्यालयमा सोधपुछपछि छाडिएको थियो। त्यसलगत्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई प्रधानमन्त्रीले कार्यालय बोलाएर लामो समय बयान लिएको घटनाले पनि चर्चा पाएको थियो।

साउन १८ गते विराटनगरस्थित व्यापारिक घराना देवनरा समूहको घर र कार्यालयमा प्रहरीले छापा मारेको थियो। कर छलीको सूचना पाएर छापा मारिए पनि कुनै शंकास्पद कुरा फेला नपरेको बताइएको छ। यसअघि व्यापारिक घराना शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल र उनका छोरा सुलभलाई चैत २० गते पक्राउ पुर्जीबिनै नियन्त्रणमा लिइएको थियो।

वैशाख १० गते पक्राउ गरिएका उद्योगी शेखर गोल्छालाई वैशाख २१ गते धरौटीमा छाड्न अदालतले आदेश दिएको थियो। यसअघि चैत १७ गते जेनजी आन्दोलनको छानबिन गर्न बनेको आयोगको सिफारिसअनुसार काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई पक्राउ गरिए पनि २४ घण्टा नबित्दै छाड्नुपरेको थियो।

प्रधानमन्त्री कार्यालयकै ठाडो निर्देशनमा पक्राउ गरिएका पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई मुद्दा चलाउन बलियो कानुनी आधार नभेटिएपछि केही समय सोधपुछ गरेर छाड्नुपरेको थियो।

यी अधिकांश घटनालाई नियाल्दा सरकार स्वेच्छाचारी बाटोमा अघि बढेको कानुनविद्हरूको टिप्पणी छ। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रारम्भदेखि नै सरकारले स्वेच्छाचारी बाटो अपनाएको बताए। 'यो सरकार नागरिकको आशा, अपेक्षा र भरोसाको मत पाएको सरकार हो,' त्रिपाठीले मध्यान्हसँग भने, 'तर यसले सुरुवाती चरणमै स्वेच्छाचारी, गैरलोकतान्त्रिक र गैरकानुनी बाटो समातेर निरंकुशतातर्फ लागेको देखिन्छ।'

आदेशका भरमा भएका अधिकांश पक्राउ र धरपकडले नागरिकलाई आतंकित बनाउनु कानुनविपरीत भएको उनको दाबी छ। 'पक्राउ गरेका जति पनि व्यक्तिहरूलाई बिनाअनुसन्धान छाड्नुपरेको तथ्यले सरकारले प्रतिशोध साधेको पुष्टि हुन्छ,' उनले भने।

बिमाले ...

गरेको छ। स्वास्थ्य बिमा कार्यक्रममार्फत पनि उपचार खर्चमा सहयोग गर्ने व्यवस्था छ। प्रदेश सरकारहरूले समेत कडा रोग लागेका विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरेका छन्। स्थानीय तहबाट सिफारिस तथा आर्थिक अवस्थाको प्रमाणीकरण गराएर यस्तो सहायता लिन सकिने व्यवस्था छ।

अस्पतालमा रहेका सामाजिक सेवा एकाइमार्फत पनि आर्थिक अवस्था कमजोर भएका बिरामीले उपचारमा छुट तथा सहुलियत माग गर्न सक्छन्। स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्डले विपन्न, असहाय तथा बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत निःशुल्क उपचारका लागि छुट्याउनुपर्ने व्यवस्था गरेको छ।

यद्यपि, उपचारका लागि लाखौं रुपैयाँ आवश्यक पर्ने बिरामीका हकमा यी कार्यक्रमको सहायता सीमा कति पर्याप्त छ भन्ने प्रश्न महत्त्वपूर्ण छ। सरकारी सहायता लिन आवश्यक कागजात, अस्पतालको सिफारिस, स्थानीय तहको प्रमाणीकरण र प्रशासनिक प्रक्रियाले समेत बिरामी तथा परिवारलाई कठिनाइ हुन सक्छ। सरकारी सहायता कार्यक्रमका वास्तविक लाभग्राहीको संख्या, विनियोजित बजेट, खर्च भएको रकम, सहायता पाउन नसकेका बिरामीको अवस्था र उपचार खर्चको विवरणसमेत उपलब्ध छैन।

स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेश मल्ल स्वास्थ्य बिमामा तोकिएको रकमबाट जुनसुकै बिरामीले उपचार गर्न पाउने बताउँछन्। 'बिमा कार्ड भएकाहरूले ठुलो रकम लाग्ने भएको अवस्थामा थप विपन्न उपचार सेवाअन्तर्गतको थप एक लाख रुपैयाँ पाउँछन्,' उनले भने, 'मुटु, क्यान्सर, मिर्गौलालगायतका बिरामीका लागि त्यो रकम पर्याप्त होइन।'

पछिल्लो समय अस्पतालमा ठुलो रकम खर्च हुने खालका बिरामी आउन थालेको मल्ल बताउँछन्। ती बिरामीले स्वास्थ्य बिमाबाट पाउने रकम पर्याप्त नभएको गुनासो गर्दै आएका छन्। 'मुटुको सानो अप्रेसन गर्नुपऱ्यो भने कम्तीमा पनि एक लाख रुपैयाँ त खर्च हुन्छ नै, त्यो खर्च बिमाबाट पाउने रकम पर्याप्त होइन,' मल्लले भने, 'उपचारका लागि रकम पर्याप्त भएन भनेर धेरै गुनासा, सुझाव आउँछन्।'

उपचारमा ठुलो रकम खर्च हुने अवस्थाका लागि छुट्टै नीति नभएको उनी बताउँछन्। आर्थिक संकटका कारण केही महिना स्वास्थ्य बिमा बन्द भएका अस्पतालमा पुनः स्वास्थ्य बिमा सञ्चालनमा आएको पनि उनले बताए।

५० वर्षपछि...

प्रशोधन, भण्डारण, प्रयोग, बिक्री वितरण तथा निकासी-पैठारीका लागि अनुमतिपत्र दिने व्यवस्था मिलाउने गरी तीन महिनाभित्र कानुनी व्यवस्था गर्न भनिएको छ।

अधिवक्ता सरोज अधिकारीलगायतले गाँजा खेती वैध बनाउन माग गर्दै रिट दायर गरेका थिए। उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय सुवेदी र श्रेष्ठको संयुक्त इजलासले २०८२ जेठ ४ गते फैसला गरेका थिए।

हालै सार्वजनिक पूर्णपाठले नेपालमा गाँजाखेती र कारोबारमाथि कानुनी प्रतिबन्ध लागेको करिब पाँच दशक पुरानो अवस्थालाई पुनरालावलोकन गर्न सरकारलाई भनेको हो।

अदालतको यस्तो आदेश आएसँगै सरोकारवालाहरू, यसअघि गाँजाखेतीलाई वैध बनाउन भनेर संसद्मा विधेयक दर्ता गराउने नेताहरू र गण्डकी प्रदेशमा गाँजा विधेयक ल्याउन पहल गर्नेहरूले सर्वोच्च अदालतको फैसलालाई सकारात्मक कदम भनेका छन्।

गाँजाखेतीलाई वैधानिकता दिनुपर्छ भन्दै संसद्मा गैरसरकारी विधेयक दर्ता गराएका पूर्वसांसद शेरबहादुर तामाङ विगतमा पटक-पटक छलफल भएको बताउँछन्। 'विगतमा सरकारले नीति तथा कार्यक्रम र बजेटमा समेत गाँजा खेतीलाई खुला गर्ने विषय आएको थियो। साथै सरकारले गाँजाको औषधीय प्रयोजनका लागि कानुन बनाउने प्रतिबद्धता पनि जनाउँदै आएको छ,' उनले राजधानीमा आयोजित एक कार्यक्रममा भनेका छन्।

उनका अनुसार २०३३ सालअघि नेपालमा गाँजाको खेती, उत्पादन र बिक्री वितरण खुला थियो। सरकारले अनुमतिपत्र दिएर गाँजाको व्यावसायिक कारोबारसमेत सञ्चालन गर्न दिने गर्दथ्यो। तर अन्तर्राष्ट्रिय रूपमा लागुऔषध नियन्त्रणको अभियान अघि बढेसँगै नेपालले पनि गाँजासम्बन्धी नीति परिवर्तन गरेको हो। त्यसयता गाँजाको खेती र कारोबार प्रतिबन्धित रहँदै आएको छ।

एकातिर गाँजा खेती खुलाउनुपर्ने बहस र अर्कोतिर खुलाउने सरकारको प्रतिबद्धता जारी हुने तर कार्यान्वयन नहुने अवस्था रहेका बेला सर्वोच्च अदालतले औषधीय तथा वैज्ञानिक अनुसन्धानका लागि गाँजाखेती खुलाउने गरी कानुन बनाउन आदेश गरेको हो।

गाँजालाई अन्य लागुऔषधसँग समान रूपमा व्यवहार गर्न नमिल्ने उल्लेख गर्दै अदालतले यसको प्रकृति, उपयोग र कानुनी व्यवस्थालाई अलग रूपमा हेर्नुपर्ने पनि जनाएको छ। फैसलाअनुसार अब आवश्यक निगरानी र नियन्त्रण प्रणाली अपनाएर गाँजाको उत्पादन तथा कारोबारलाई व्यवस्थित गर्न सकिनेछ।

सर्वोच्च अदालतले नेपाल पक्ष राष्ट्र रहेको सन् १९६१ को लागुऔषधसम्बन्धी एकल महासन्धिले गाँजाखेतीलाई सबै प्रयोजनका लागि पूर्ण रूपमा निषेध नगरेको पनि स्पष्ट पारेको छ।

महासन्धिको धारा २८ अनुसार औषधीय तथा वैज्ञानिक प्रयोजनबाहेक औद्योगिक र बागवानी प्रयोजनका लागि समेत गाँजा खेती गर्न सकिने व्यवस्था छ। तर यस्तो खेतीबाट हुने दुरुपयोग र अवैध कारोबार रोक्न प्रभावकारी नियन्त्रण प्रणाली आवश्यक हुन्छ।

सर्वोच्चमा प्रस्तावित ४ न्यायाधीशविरुद्ध ९ वटा उजुरी

काठमाडौं/मस- सर्वोच्च अदालतमा सिफारिस भएका चार न्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा नौवटा उजुरी परेका छन्। सोमबार बसेको समितिको बैठकमा समिति सभापति बोधनारायण श्रेष्ठले उक्त जानकारी दिएका हुन्।

उनकाअनुसार प्रस्तावित न्यायाधीशहरूको सुनुवाइका लागि हाल उजुरी संकलन गर्ने प्रक्रिया जारी रहेको छ। प्राप्त उजुरीमध्ये सबै जना प्रस्तावित न्यायाधीशविरुद्ध दुई-दुईवटा, दुईजनाविरुद्ध तीन-तीनवटा र एकजनाविरुद्ध एकवटा उजुरी परेको जानकारी दिए।



सभापति श्रेष्ठले गोप्य नरहेका उजुरीहरूको अध्ययन प्रक्रिया अघि बढाइने जानकारी दिए। गोप्य रूपमा प्राप्त भएका उजुरी भने समितिको आगामी बैठकमा खोलेर अध्ययन गरिने उनको भनाइ छ।

उजुरी अध्ययनपछि आगामी बैठकबाट प्रस्तावित न्यायाधीशहरूको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाइने उनले जानकारी दिए।

उजुरी दिने समय कात्तिक १९ गतेसम्म तोकिएको छ। गत असोज २० मा बसेको न्याय परिषद्को बैठकले उच्च अदालतका चार न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको थियो।

यसमा उच्च अदालत पोखराका मुख्य न्यायाधीश रत्नबहादुर बागचन्द, उच्च अदालतका न्यायाधीशहरू चन्द्रबहादुर सारू, जनक पाण्डे र गोकर्ण डाँगी छन्।

३३ लाखसहित मध्यपुर थिमिका प्रमुख प्रशासकीय अधिकृत पक्राउ

काठमाडौं/मस-मध्यपुर थिमी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरे पक्राउ परेका छन्। उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विशेष टोलीले सोमबार कार्यालयबाटै नियन्त्रणमा लिएको हो।

घिमिरेका भाइ नाता पर्ने भुवन ढुंगेल सवार विद्युतीय कारबाट ३३ लाख रुपैयाँ नगद बरामद भएपछि उनलाई पक्राउ गरिएको हो।



सोमबार अपराह्न मध्यपुर थिमी नगरपालिकाबाट निस्किएको बागमती प्रदेश ०१-०३५ च २६८७ नम्बरको टाटा इभी कार निकोसेरास्थित अजिमा पेट्रोल पम्पनजिक अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो। कार जाँच गर्ने क्रममा शंकास्पद नगद बरामद भएपछि चालक, कारमा सवार भुवन ढुंगेल र उनकी श्रीमतीलाई अख्तियारले नियन्त्रणमा लिएको थियो। त्यसलगत्तै नगरपालिकाको कार्यालयबाट प्रमुख प्रशासकीय अधिकृत घिमिरेलाई नियन्त्रणमा लिएर घटनास्थलमा ल्याइएको थियो। कारबाट बरामद भएको ३३ लाख रुपैयाँ घिमिरेले घुसबापत लिई व्यवस्थापनका लागि ढुंगेललाई दिएको अख्तियारको दाबी छ।

ठकुरी फिक्ट्स विश्व महासंघको कमिसनमा नियुक्त

नेपालगन्ज/मस-धारा नेपालगन्ज म्याराथनका संस्थापक टीएस ठकुरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यताप्राप्त विश्वव्यापी अर्गनाइजेसन फेडरेसन अफ इन्टरनेसनल सिनेमा टेलिभिजन स्पोर्ट्स (फिक्ट्स)को कमिसनमा नियुक्त भएका छन्। फिक्ट्स खेलुकद संस्कृति प्रवर्धनमा कार्यरत विश्वव्यापी सन्जाल हो।

इटालीको मिलानोमा जारी फिक्ट्सको ४१औं महासभाले फिक्ट्स कार्यसमितिको प्रस्तावलाई अनुमोदन गर्दै चार बर्षका लागि कमर्सियल पार्टनरसीप ब्रोडकास्टिङ सर्भिसेज कमिसनमा नेपालबाट ठकुरीलाई नियुक्त गरेको हो। खेलकुद सम्बन्धि वृत्तचित्रहरुको फिक्ट्स वर्ल्ड फेस्ट र फिक्ट्स महासभा यही अक्टोबर ३० देखि नोभेम्बर २ सम्म मिलानोमा सम्पन्न भएको हो।

खेल पत्रकारिता, पुस्तक लेखन र डकुमेन्ट्री निर्माणमा समेत सक्रिय ठकुरी फिक्ट्सको नेपाल प्रतिनिधिका रुपमा कार्यरत रहँदै आएका छन्। उनी वर्ल्ड रनिङको छाता संगठन एसोसियसन अफ इन्टरनेसनल म्याराथन एण्ड डिस्टेन्स रेस(एम्स)का नेपाल



प्रतिनिधि समेत हुन्।

इटालीको मिलानोमा भएको फिक्ट्सको ४१औं महासभाले नर्वेकी अनमरी अलबर्टसेनको संयोजकत्वमा गठित कमिसनमा नेपालका ठकुरीसहित हेलेन हमरिका(युएसए), झाव ली (चीन), गाबोर डेरेगन (हंगेरी), लेस्टेर रिभ पडिला (पुर्टोरिको), मारियो पोजा (इटाली), नगेन्द्र पुलुमती (इन्डिया), सान्टियागो रामोस (ब्राजिल), मिलोस टोडोरोभिक (मन्टेनेग्रो) सदस्य रहेका छन्।

महासभाले चार वर्षीय कार्यकालका लागि इटाली निवासी प्रोफेसर फ्रान्को अस्कानीलाई सर्वसम्मत निर्वाचित गर्दै अध्यक्षमा निरन्तरता दिएको छ। कार्यकारी समितिको उपाध्यक्षमा उज्वेकिस्तानकी सखाडट मुराडोवा सर्वसम्मत निर्वाचित भएकी छिन्। महासभाले महासचिवमा इटालीकै डा. इन्जो क्यापेलियोलाई निर्वाचित गरेको छ।

त्यसैगरी युरोप अध्यक्षमा स्पेनका जुली पेर्नस, अफ्रिका अध्यक्ष डिन किबिरिग (युगान्डा), दक्षिण पश्चिम एशिया अध्यक्ष सयद मोजतवा अलवी (इरान), पुर्वी एशिया अध्यक्ष जियाङ छियु (चीन), उत्तर अमेरिका अध्यक्ष थोमस रेसानडिच (युएसए), साउथ सेन्ट्रल अमेरिका अध्यक्ष अलिसिया मसोनी डि मरिया(अर्जेन्टिना) निर्वाचित भएका छन्। काउन्सलरमा मीना वलिराकी (ग्रीस), इभगेनी बोटागीर्भ(रुस), क्रिस्टोफर समुदा (जमैका), कोषाध्यक्षमा मार्को रिंभा (इटाली), सोसल प्रोसेक्युटरमा जर्ज पिगोस (ग्रिस), अडिटरमा मिर्को कुसिग (स्विट्जरल्यान्ड), रोसारिया रोसालियो (इटाली)लाई जिम्मेवारी दिइएको हो।

फिक्ट्सका महत्वपुर्ण चार कमिसनमध्ये टेक्निकल इनोभेसन एन्ड मार्केटिङ कम्युनिकेसन कमिसनमा इटालीका फ्रान्सीस्को रिकीको संयोजकत्वमा हर्ष अबेकुन (श्रीलंका), लुसियानो बारा (इटाली) जर्ज दास (मलेसिया), मार्गरियट डि (नेदरल्यान्ड्स), आसिफ करिम (केन्या), कुस्ट्रिम क्रासनिगी (कोसोभो), राफाल न्युबो (स्पेन), नौरा मरिन (ट्युनिसिया), सेलिया रोचा(ब्राजिल) सदस्य नियुक्त भएका छन्।

त्यस्तै, इन्टरनेसनल फेस्टिभल कमिसनमा क्रिस्टोफर समुदा (जमैका) संयोजक, रेनेटा बलोसभा (जेक रिपब्लिक), रेनाटा टुलियो फेरारी (फ्रान्स), अल्बर्टो गेसवीन (चिली), जुराब खुटसिभिली (जर्जिया), बोज्को कोरासेक (स्लोभानिया), अन्टोनियो लिल (ब्राजिल), ओलिभेरा निकिटोभिक (सर्विया), मोहम्मद तयब (इरान), रुइचिरो सुचिया (जापान) सदस्य रहेका छन्।

कल्चर एजुकेसन एन्ड युथ कमिसनमा फ्रान्सका फिलिप मानासेरो संयोजक, क्लाउडियो अरिगोनी (इटाली), लिस्टन बोचेटे (युएसए), मारिया बुलाटोवा (युक्रेन), मनाना (जर्जिया), रकी काङ (साउथ कोरिया), हाउ कुन (चीन), टेरेसा रमिलो (पोर्चुगल), बोनी टेल (युएसए), ज्वेनडोलिन भान (बेल्जियम) सदस्य भएका छन्। अब ४२औं महासभा २०३० मा हुनेछ।

सरकारी...

व्यक्त गरेको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए। मन्त्री यादवले सरकार र वैदेशिक रोजगार व्यवसायीबीच पारस्परिक सम्बन्ध, सहकार्य र समन्वयको विकास गर्दै दुवै पक्षलाई एकअर्काको प्रतिस्पर्धी नभई सहयात्री र परिपूरकका रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेको पनि महासचिव डाँगीले जानकारी दिए।

उक्त भेटघाटका क्रममा संघले विशेषगरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा देखिएका प्राविधिक तथा व्यावहारिक समस्याहरूको तत्काल समाधान गर्न माग गरेको थियो। त्यस्तै, वैदेशिक रोजगार विभागभित्रको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, सहज र व्यवसायीमैत्री बनाउन प्रशासनिक तथा कानुनी सुधार गर्नुपर्ने विषयमा मन्त्री यादवको ध्यानाकर्षण गराएको थियो।

साउदी अरबको श्रमिक छनोट तथा सीप परीक्षणसम्बन्धी प्रक्रियामा देखिएका व्यावहारिक समस्याहरूको समाधान तथा नेपाली श्रमिक र व्यवसायीलाई अनावश्यक आर्थिक तथा प्रशासनिक भार नपर्ने गरी सहजीकरण गर्नुपर्ने माग पनि संघले राखेको थियो।

नेपाली श्रमिकका पिबी सिरियल नम्बर भएका राहदानी गन्तव्य मुलुकको अध्यागमन प्रणालीमा अनलाइन नहुँदा भिसा प्रक्रियामा देखिएको समस्या समाधानका लागि सम्बन्धित निकाय तथा गन्तव्य मुलुकसँग आवश्यक कूटनीतिक र प्राविधिक पहल गरिदिनसमेत माग गरिएको महासचिव डाँगीले बताए।

हाल पिबी सिरियल नम्बर भएका नेपाली राहदानीको गुणस्तरलगायतका विषयले भिसा अस्वीकृत हुने क्रम बढेको छ। मलेसियाको रोजगारी बन्द हुन पुगेको अवस्थामा अन्य मुलुकमा समेत भिसा अस्वीकृत हुने संख्या बढेपछि व्यवसायीको गुनासो बढेको छ। यसका अतिरिक्त समग्र वैदेशिक रोजगार क्षेत्रको सुधार, व्यवसायीका हकहितको संरक्षण तथा श्रमिकको हित प्रवर्धनलगायत संघले विगतमा प्रस्तुत गरेका १७ बुँदे माग तथा सुधारका विषयमा पनि ध्यानाकर्षण गराएको संघले जनाएको छ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'को नेतृत्वमा मन्त्रालय गएको प्रतिनिधिमण्डलमा कार्यसमितिका पदाधिकारी तथा सदस्यसहित सल्लाहकारद्वय राजेन्द्र भण्डारी र नवराज केसी पनि सहभागी थिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१-०५-१६ मा दर्ता भएको प्रा.लि. नं.१३०२७६ को अनसाइट ट्रेडर्स प्राईभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८३-०७-१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कुबेतमा रोजगार कम्पनी: GULF MYSORE GEN. TRAD. CO. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०४/०६ चलानी नं.: ६०२५८५५० L.T. No.: 345290 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Sales Person	10	28	स. काममा दक्ष	160	७८,७०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक २४ गते (10 November 2026) **मा हुनेछ।**

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390
Govt Lic. No.: 647/063/064

डा.केसीका अधिकांश माग पूरा भएको मन्त्रालयको दाबी

काठमाडौं/मस– शिक्षा तथा खेलकुद मन्त्रालयले डा.गोविन्द केसीले उठाएका विभिन्न मागहरू र मन्त्रालयबाट हालसम्म भएका सम्झौताहरूको कार्यान्वयन अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरेको छ ।

चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारका लागि डा. केसीले राख्नुभएका मागहरू सम्बोधन गर्न सरकार सुरुदेखि नै पूर्ण रूपमा प्रतिबद्ध रहेको र उनले उठाएका अधिकांश विषयहरू कार्यान्वयनमा आइसकेको मन्त्रालयले स्पष्ट पारेको छ ।

गेटामा न्यूनतम पूर्वाधार र मापदण्ड नपुगी कार्यक्रम सञ्चालन गर्न दिने निर्णय खारेज हुनुपर्ने मागका सम्बन्धमा चिकित्सा शिक्षा आयोगको अनुगमन प्रतिवेदन र स्वीकृत मापदण्डका आधारमा मात्रै गेटामा एमबीबीएस तथा नर्सिङलगायतका कार्यक्रमहरू सञ्चालन गर्न दिइएको मन्त्रालयले जनाएको छ । त्यसैगरी अनुगमन प्रतिवेदनका आधारमा स्वीकृत मापदण्डभित्रै रहेर मुख्यतया सरकारी कलेजहरूमा सिट वृद्धि गरिएको छ भने ३०० शय्याको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पताललाई पूर्ण क्षमतामा सञ्चालनमा



ल्याइसकिएको छ ।

विश्वविद्यालयसम्बन्धी ऐनका दलीय प्रभावयुक्त र विवादित प्रावधानहरू परिमार्जन गर्नका लागि 'केही नेपाल ऐन संशोधन' को प्रक्रियासमेत अगाडि बढाइसकिएको मन्त्रालयले जनाएको छ ।

सार्वजनिक तथा निजी शिक्षण संस्थामा ऐन तथा कानुनी मापदण्डबमोजिम नै छात्रवृत्तिको व्यवस्था कार्यान्वयनमा रहेको छ भने चिकित्सा शिक्षा आयोगले तोकेको मापदण्डका आधारमा मात्रै कोटा तथा सिट निर्धारण गरिएको मन्त्रालयले स्पष्ट पारेको छ । त्यस्तै, २०८३ साउन ११ गते लगायत हालसम्मका सत्याग्रहमा सरकारसँग भएका सम्झौताहरूको कार्यान्वयन स्थितिको गहन विश्लेषण गर्न मन्त्रालयको मिति २०८३/०४/२७ को मन्त्रीस्तरीय निर्णयबमोजिम अध्ययन कार्यदल गठन भई प्रतिवेदनको मस्यौदा तयारीको अन्तिम चरणमा पुगेको छ ।

साथै, २०८२ भदौ २४ गते देशका विभिन्न भागमा भएका आगजनी, लुटपाट तथा तोडफोडलगायत विध्वंसात्मक घटनाहरूको छानबिन गरी दोषीमाथि कारबाही गर्ने प्रक्रिया सम्बन्धित निकायहरूबाट अघि बढाइरहेको पनि मन्त्रालयले जनाएको छ ।

इलाम, उदयपुर र डडेलधुरामा सरकारी मेडिकल कलेज वा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने विगतका सहमति शीघ्र कार्यान्वयन गर्ने सन्दर्भमा पनि मन्त्रालयले भनेको छ, 'सुर्खेत, बुटवल र बर्दिवासमा मेडिकल शिक्षा संस्था स्थापनाको कार्य भइरहेको, थप बजेट व्यवस्थापन हुने प्रक्रियामा रहेको । साथै सबै प्रदेश र भूगोलमा चिकित्सा शिक्षाको पहुँच विस्तारमा नेपाल सरकार प्रतिबद्ध रहेको छ ।'

त्यस्तै, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष तथा विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रारलगायतका पदाधिकारीहरूको नियुक्ति, योग्यता र निर्णयहरूबारे उठाइएका विषयमा सरकारले आवश्यक छानबिन गर्ने जनाएको छ । डा.केसीले उठाएका सुधारका धेरै विषयहरू कार्यान्वयन भएकै कारण आज नेपालको चिकित्सा शिक्षा क्षेत्र आकर्षणको केन्द्र बनेको मन्त्रालयको ठहर छ । त्यसैले, सहकार्य र संवादका माध्यमबाट यस क्षेत्रको थप सुधारका कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्रालयले जारी सत्याग्रह अन्त्य गरी संवादमा आउन डा.केसीलाई अनुरोध गरेको छ ।

नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन

काठमाडा/मस– सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना र नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै मन्त्रालय तथा निकायलाई निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा बसेको सचिव बैठकले सरकारी कार्ययोजनाको विस्तृत कार्यान्वयन योजना तयार गरी समयबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको हो । बैठकले महालेखा



परीक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु फछ्यौंट तथा न्यूनीकरणका लागि कार्ययोजना बनाउन, उपभोक्ता ठगी, मिसावट र कृत्रिम अभाव नियन्त्रण गर्न सघन बजार अनुगमन गर्न निर्देशन दिएको छ ।


त्यस्तै, तिहार तथा छठमा शान्ति सुरक्षा चुस्त राख्ने, सार्वजनिक खरिदमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने र सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने)सम्बन्धी नियमावली, २०८३ कार्यान्वयन गर्ने निर्णय गरेको छ । नागरिकले सरल, सहज र प्रभावकारी ढंगले सेवा पाउने सुनिश्चितताका लागि नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयमा एकल बिन्दु सेवाको प्रबन्ध गरी नागरिकमैत्री सेवा प्रवाह गर्नुपर्ने बैठकले निर्णय गरेको जनाइएको छ ।

न्यायपालिकासम्बन्धी समाचारमा सर्वोच्चको पाँचबुँदे धारणा

काठमाडौं/मस– प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशहरूको नाम जोडेर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रकाशित समाचारप्रति सर्वोच्च अदालतको पूर्ण बैठकले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पूर्ण बैठकले पाँचबुँदे निर्णय सार्वजनिक गर्दै सम्बन्धित विषयमा निष्पक्ष छानबिन गर्न आग्रह गरेको छ । सर्वोच्च अदालतले जारी गरेको प्रेस विज्ञप्तिमा संविधान र कानुनको सर्वोच्चतामाप्रति आफ्नो अटल आस्था र प्रतिबद्धता रहेको उल्लेख छ । सबैलाई संविधानको सर्वोच्चता र कानुनको शासनप्रति गम्भीर हुन पनि अदालतले आग्रह गरेको छ ।

सार्वजनिक रूपमा प्रकाशित तथा प्रसारित विषयमा कुनै पूर्वाग्रह नराखी निष्पक्ष र स्वतन्त्र ढंगले संविधान तथा कानुनबमोजिम छानबिन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको छ । छानबिनबाट प्राप्त सत्यतथ्यसहितको निष्कर्ष यथाशीघ्र सार्वजनिक गर्न पनि अदालतले आग्रह गरेको छ ।

त्यस्तै, सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारका



सम्बन्धमा हुने कानुनी छानबिन र अनुसन्धानमा आफूहरू सहयोग गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ । संविधान र कानुनबमोजिम निर्वाह गर्नुपर्ने जवाफदेहिता पूरा गर्ने पनि अदालतले जनाएको छ ।

न्यायपालिका जनताको आस्था र विश्वासमा अडिने संस्था भएकाले यससँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण गर्दा आम नागरिक र सेवाग्राहीमा भ्रम तथा नकारात्मक असर नपर्ने गरी ध्यान दिन अदालतले आग्रह गरेको छ । छानबिनको निष्कर्ष प्राप्त नहुँदै कसैलाई लाञ्छित गर्ने वा न्याय सम्पादनको काममा अवरोध पुग्ने गरी समाचार प्रकाशन तथा प्रसारण नगर्न पनि सम्बन्धित सबैलाई अनुरोध गरिएको छ । अदालतले समाचारका कारण न्यायपालिकाको मर्यादा र जनआस्थामा असर पर्न सक्ने विषयलाई ध्यान दिन भनेको छ ।

प्रकाशित तथा प्रसारित समाचारबाट विचलित नभई नियमित रूपमा न्यायिक काममा सक्रिय रहन सर्वोच्च अदालतले देशभरका अदालतमा कार्यरत सम्पूर्ण न्यायकर्मीलाई आग्रह गरेको छ । प्रधानन्यायाधीश र सम्बन्धित न्यायाधीशहरूले आफ्नो धारणा लिखित रूपमा सार्वजनिक गरिसकेको सन्दर्भमा पूर्ण बैठकले यस्तो निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १६ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकले गरेका निर्णय प्रवक्ता तथा सहप्रवक्ता डा.अशोककुमार क्षेत्रीमार्फत सार्वजनिक गरिएको हो ।

विवादित न्यायाधीशमाथि छानबिन गर्न ट्रान्सपरेन्सीको माग

काठमाडौं/मस– प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतका केही न्यायाधीशको बिचौलियासँग साँठगाँठ रहेको भन्ने समाचार सार्वजनिक भएपछि ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले निष्पक्ष छानबिन गर्न माग गरेको छ । संस्थाले विवादमा परेका न्यायाधीशहरूलाई उठेका प्रश्नको निरूपण नभएसम्म न्याय सम्पादनमा संलग्न नहुन आग्रह गरेको छ ।

'विवादित न्यायाधीशहरूमाथि यथाशीघ्र निष्पक्ष छानबिन गरियोस्' शीर्षकमा जारी विज्ञप्तिमा न्यायपालिकाको निष्पक्षतामाथि राजनीति, सरकार र बिचौलियाको प्रभाव रहने गरेको भन्दै लामो समयदेखि प्रश्न उठ्दै आएको उल्लेख छ । पछिल्लो समय प्रधानन्यायाधीशसहित केही न्यायाधीशको बिचौलियासँग साँठगाँठ रहेको भन्ने समाचारले संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विचाराधीन मुद्दासँग सम्बन्धित पक्ष, बिचौलिया वा प्रभावशाली व्यक्तिसँग न्यायाधीशले भेट्नु वा सम्पर्कमा रहनु न्यायिक नैतिकता र आचारसंहिताको गम्भीर उल्लंघन हुने ट्रान्सपरेन्सीको ठहर छ ।

विज्ञप्तिमा विवादमा परेका व्यक्तिहरूले सार्वजनिक रूपमा दिएका स्पष्टीकरण मात्र पर्याप्त नहुने उल्लेख गरिएको छ । उठेका प्रश्न गम्भीर प्रकृतिका रहेको र न्यायालयको आमूल सुधार आवश्यक रहेको संस्थाको भनाइ छ ।

ट्रान्सपरेन्सीले समाचारमा नाम जोडिएका तथा सार्वजनिक रूपमा स्पष्टीकरण दिएका न्यायाधीशहरूले प्रश्नहरूको समाधान नभएसम्म न्याय सम्पादनको काममा संलग्न नहुनु उचित हुने जनाएको छ ।

संस्थाले छानबिनको जिम्मेवारी संसद्ले लिनुपर्ने मागसमेत गरेको छ । प्रजातान्त्रिक प्रणालीमा कार्यपालिका र न्यायालयको स्वतन्त्रता तथा कार्य प्रभावकारिताको निगरानी गरी आवश्यक निर्णय गर्ने निकाय संसद् भएकाले संसदीय समितिमार्फत ढिला नगरी तथ्यगत अनुसन्धान गर्न विज्ञप्तिमा आह्वान गरिएको छ । सम्बन्धित न्यायाधीशहरूको सम्पत्तिमाथि पनि छानबिन गर्नुपर्ने माग गरिएको छ ।

यसअघि सर्वोच्च अदालतको पूर्ण बैठकले प्रधानन्यायाधीश र न्यायाधीशहरूको नाम जोडेर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो । कात्तिक १६ गते बसेको पूर्ण बैठकले सार्वजनिक भएका विषयमा निष्पक्ष र स्वतन्त्र छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायलाई आग्रह गरेको थियो ।

सर्वोच्चले छानबिनमा सहयोग गर्ने प्रतिबद्धता जनाउँदै निष्कर्ष आउनुअघि कसैलाई लाञ्छित गर्ने वा न्याय सम्पादनमा अवरोध पुग्ने गरी समाचार प्रकाशन तथा प्रसारण नगर्न पनि आग्रह गरेको थियो । साथै, समाचारबाट विचलित नभई न्यायिक काममा सक्रिय रहन सबै अदालतका न्यायकर्मीलाई अनुरोध गरेको थियो ।

यसरी सर्वोच्च अदालतले निष्पक्ष छानबिन र कानुनी प्रक्रियामा सहयोग गर्ने धारणा राखेको छ भने ट्रान्सपरेन्सीले संसदीय अनुसन्धान, सम्पत्ति छानबिन र विवादित न्यायाधीशलाई न्याय सम्पादनबाट अलग राख्नुपर्ने माग अघि सारेको छ ।

औद्योगिक सुरक्षामा चरम लापरबाही

सिमेन्ट उद्योगको मेसिनमा च्यापिएर मजदुरको मृत्यु

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १६ कात्तिक

रौतहटको उत्तरी भेगमा अवस्थित फतुवा विजयपुर नगरपालिका-६ पेटभर्वामा सञ्चालित नेपालकै पहिलो अत्याधुनिक एभरेस्ट फाइवर सिमेन्ट बोर्ड प्रालिमा काम गर्ने क्रममा मेसिनमा च्यापिएर एक मजदुरको गम्भीर तथा मर्माहत मृत्यु भएको छ । उद्योगभित्र सुरक्षा मापदण्ड पालना नगरिएको र चरम लापरबाही भएको भन्दै स्थानीय बासिन्दा तथा मजदुरहरूले गम्भीर आक्रोश व्यक्त गरेका छन् ।

प्रहरीको प्रारम्भिक विवरण अनुसार सोमबार बिहान ११:३० बजेको समयमा उद्योगको उत्पादन कक्षभित्र कार्यरत एक मजदुर मेसिनमा अचानक च्यापिएर गम्भीर घाइते भएका थिए । दुर्घटनामा परी महोत्तरी जिल्लाको मनरासिसवा नगरपालिका-३ सनौल निवासी अन्दाजी ३० वर्षीय रमेश चौधरी गम्भीर घाइते भएका हुन् ।

मेसिनमा च्यापिई गम्भीर अवस्थामा रहेका मजदुर चौधरीलाई उद्योग प्रशासनले तत्काल उद्धार गरी उपचारका लागि दिउँसो १ बजेको समयमा छिमेकी जिल्ला बारास्थित परवानीपुरेडोलस्थित एलएस न्युरो अस्पताल पुऱ्याएको थियो । तर अस्पतालमा आपतकालीन कक्षमा खटिएका चिकित्सकहरूले स्वास्थ्य परीक्षण गर्दा उनको प्राणाणत भइसकेको पुष्टि गर्दै मृत घोषणा गरेका थिए ।

हाल मृतक चौधरीको शव परीक्षण तथा आवश्यक प्रक्रियाका लागि सोही अस्पतालको शवगृहमा राखिएको छ । घटनाको सम्बन्धमा बारास्थित अस्पतालबाट दिउँसो २ बजे मात्रै अस्पतालमा कार्यरत प्रहरी कर्मचारीमार्फत इलाका प्रहरी कार्यालय लक्ष्मिनिया विजयपुरलाई औपचारिक जानकारी प्राप्त भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाए ।

घटनाबारे सूचना प्राप्त हुनासाथ रौतहट जिल्ला प्रहरी कार्यालयबाट मातहतका विभिन्न युनिट तथा अनुसन्धान टोली परिचालन गरिएको छ । घटनाको पुष्टि गर्दै रौतहट प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक बसन्त गौतमले उद्योगभित्र भएको दुर्घटनाको कारण सुरक्षा सतर्कताको स्थिति र अन्य प्राविधिक पक्षहरूप्रति केन्द्रित रहेर सूक्ष्म अनुसन्धान अगाडि बढाइएको जानकारी दिएका छन् ।

डेढ अर्ब रुपैयाँभन्दा बढीको लगानी र पूर्ण स्वचालित प्रविधि जडान गरिएको दाबी गरिएको ठूलो उद्योगभित्र यस प्रकारको भयानक दुर्घटना हुनुले औद्योगिक सुरक्षा र मजदुरको जीउज्यानको सुरक्षामाथिको व्यवस्थापनलाई गम्भीर कठघरामा उभ्याएको छ ।

कार्यस्थलमा खटिने मजदुरहरूको लागि अनिवार्य गरिने व्यक्तिगत सुरक्षा उपकरण मेसिनरी सुरक्षा गार्ड र आपतकालीन सतर्कताका उपायहरू अपुग वा बेवास्ता गरिएको कारणले नै यो दर्दनाक घटना घटेको स्थानीयहरूको आरोप छ। उद्योगभित्र मजदुरको ज्यान जोखिममा पार्ने यस्ताखाले लापरबाही गर्ने सम्बन्धित उद्योग व्यवस्थापनमाथि कडा कानुनी कारबाही हुनुपर्ने र मृतक परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने माग स्थानीय नागरिक तथा मजदुर अधिकारकर्मीहरूले जोडदार रूपमा उठाएका छन्। प्रहरीले घटनाको निष्पक्ष र गहिरो छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्ने जनचासो तीव्र बनेको छ ।

सुक्खा बन्दरगाहको निर्माण २६ प्रतिशत सम्पन्न

कञ्चनपुर/मस– हालसम्म दोधारा चाँदनीमा निर्माण भइरहेको सुक्खा बन्दरगाहको २६ प्रतिशत काम सम्पन्न भएको छ ।

बहुप्रतिक्षित सुक्खा बन्दरगाहको निर्माण अवधि ३० महिना तोकिएको छ । करिब दुई अर्ब ३७ करोड भारतीयको लागतमा उक्त बन्दरगाह निर्माण हुने भएको



हो । बन्दरगाहको निर्माण चौबीस डिसेम्बर २०२५ बाट सुरु भएको नेपाल इन्टरमोडल यातायात विकास समितिका इञ्जिनियर अनिश केसीले जानकारी दिए । उनले उक्त आयोजना निर्माणपछि सुदूरपश्चिममा आर्थिक चहलपहल बढ्ने विश्वास व्यक्त गरे ।

दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशंकर सामुदायिक वनमा बन्दरगाह निर्माणका लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

मकवानपुरमा भेटियो विश्वकै लामो विषालु सर्प राजगोमन

बागमती/मस– हेटौंडा उपमहानगरपालिका-१५ भोर्लेस्थित एक किराना पसलबाट राजगोमन सर्प (किंग कोब्रा)को सुरक्षित उद्धार गरिएको छ ।

स्थानीय महेन्द्र दोङको पसलको दराजमा भेटिएको करिब ११ फिट लामो विषालु राजगोमन सर्पलाई उद्धारकर्ता राजेश थापा 'गरिब' र रोशन थापा 'दीप'ले करिब आधा घण्टाको प्रयासपछि



सुरक्षित उद्धार गरेका हुन् ।

पसलको दराजमा सर्प देखिएपछि स्थानीय वडा सदस्य सिंहबहादुरले उद्धारकर्ता राजेश र रोशनलाई खबर गरेसँगै उहाँहरूले राजगोमनलाई सुरक्षित रूपमा नियन्त्रणमा लिएका हुन् ।

त्यसअघि स्थानीयवासीले सर्पलाई भगाउने प्रयासमा पेट्रोल खन्याएको कारण उद्धारमा थप चुनौती सिर्जना भएको बताउँदै उद्धारकर्ता राजेशले धुवाँ लगाएर पेट्रोल खन्याइएपछि सर्प आक्रामक बन्दा सुरक्षित रूपमा नियन्त्रणमा लिन विशेष सावधानी अपनाउनुपरेको बताए ।

सर्पलाई धपाउने उद्देश्यले पेट्रोल वा डिजेल प्रयोग गर्नु जोखिमपूर्ण हुने बताउँदै उनले सामान्य अवस्थामा रहेको सर्पले समेत आफूलाई खतरा महसुस गरेमा आक्रमण गर्न सक्ने भएकाले यस्तो गतिविधि नगर्न आग्रह गरे । वडा सदस्य सिंहबहादुरले स्थानीयवासीको सहयोगमा उद्धार गरिएको राजगोमनलाई मानव बस्तीबाट टाढा जङ्गलमा सुरक्षित रूपमा छाडिएको उद्धारकर्ता रोशनले बताए । आफूहरूले हालसम्म १६ पटक राजगोमनको उद्धार गरिसकेको बताउँदै उनले हेटौंडासहित मकवानपुरगढी, बकैया र बागमती गाउँपालिकाका विभिन्न स्थानबाट राजगोमन उद्धार गरिएको बताए ।

यसअघि १४औं पटकको उद्धारका क्रममा आफूलाई बकैया र बागमती गाउँपालिकाको सीमावर्ती क्षेत्रमा राजगोमनले टोकेको बताए । राजगोमन विश्वकै सबैभन्दा लामो विषालु सर्प भएको बताउँदै उनले यसको विषले स्नायु प्रणालीमा गम्भीर असर पुऱ्याउन सक्ने बताए ।

उनका अनुसार गोमनको टोकाइबाट मानिसको ज्यानसमेत जान सक्छ । यद्यपि, राजगोमनले सामान्यतया मानिसलाई आक्रमण गर्न खोज्दैन । खतरा महसुस गरेमा भने आफ्नो सुरक्षाका लागि आक्रामक बन्न सक्छ ।

सर्पलाई मार्नुको सट्टा उद्धार गरी प्राकृतिक वासस्थानमा फर्काउनुपर्ने उल्लेख गर्दै उनले वातावरणीय सन्तुलन कायम राख्न र खाद्य शृङ्खलालाई व्यवस्थित बनाउन सर्पको महत्वपूर्ण भूमिका हुने भएकाले यसको संरक्षण आवश्यक रहेको बताए ।

मकवानपुरमा राजगोमनका अतिरिक्त मोनोसेलेट कोब्रा, स्पेक्टाकल्ड कोब्रा, बेन्डेड करेट, कोरल स्नेक, ग्रिन पिट भाइपर र रेडनेक किलब्याकलगायतका विभिन्न प्रजातिका सर्प पाइन्छन् ।

महाधिवेशनबाट निर्वाचित कार्यसमिति अध्यावधिकका लागि कांग्रेसले दियो निवेदन

काठमाडौं/मस-नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट गगनकुमार थापाको नेतृत्वमा निर्वाचित केन्द्रिय कार्यसमितिलाई अद्यावधिक गर्न पार्टी निर्वाचन आयोग पुगेको छ ।

निर्वाचन आयोगमा केन्द्रीय कार्यसमिति अद्यावधिकसम्बन्धी विवरण बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको विधान, संविधान र प्रचलित कानुनी व्यवस्थाअनुसार महाधिवेशन सम्पन्न भएको र त्यसबाट निर्वाचित नयाँ कार्यसमितिलाई आयोगमा अद्यावधिक गर्न आएको बताए ।

उनले राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार केन्द्रिय



कार्यसमितिमा परिवर्तन भएपछि निर्वाचन आयोगमा विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको उल्लेख गरे । सोही व्यवस्था अनुसार गगन थापाको सभापतित्वमा निर्वाचित कार्यसमितिको विवरण बुझाइएको उनको भनाइ छ ।

महामन्त्री पौडेलले कांग्रेसको १५औं महाधिवेशन विधिवत् रूपमा सम्पन्न भएको दाबी गर्दै महाधिवेशनमा व्यापक सहभागिता र उत्साह देखिएको बताए ।

आठ महिनाको अवधिमा दुईवटा महाधिवेशन सम्पन्न गरेको उल्लेख गर्दै उनले विशेष महाधिवेशनपछि नियमित महाधिवेशन गरिएको र सबैलाई प्रतिस्पर्धामा सहभागी हुने वातावरण निर्माण गरिएको बताए ।

औषधि उद्योग स्थापनाका लागि सहकार्य गर्न प्रस्ताव

काठमाडौं/मस– राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले नेपालमा विश्वस्तरीय औषधि उद्योग स्थापना गर्न स्विट्जरल्यान्डसँग सहकार्यको प्रस्ताव राखेका छन् ।

स्विट्जरल्यान्डको नेसनल काउन्सिलका अध्यक्ष पिएरे आन्द्रे पाजसँग सोमबार भएको शिष्टाचार भेटका क्रममा अध्यक्ष दाहालले नेपालमा औषधि उद्योग स्थापना गर्न सरकारी तहबाट पहल गर्न आग्रह गरेका हुन् । भेटपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष दाहालले स्विट्जरल्यान्डमा विश्वस्तरीय औषधि उद्योग तथा कम्पनीहरू रहेकाले नेपालमा पनि त्यस्ता उद्योग स्थापना गर्न सहकार्यको प्रस्ताव राखेको बताए ।

उनले नेपालमा औषधि



उद्योग संचालन गर्न सकेमा नेपाली जनताले सहुलियतमा औषधि प्राप्त गर्न सक्ने उनको भनाइ छ । उनकाअनुसार स्विट्जरल्याण्डका अध्यक्ष पाजले नेपाललाई आवश्यक पर्ने औषधि तथा अन्य सहयोगका विषयमा जानकारी गराउन आग्रह गर्दै त्यसका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

अध्यक्ष दाहालले नेपाललाई विकास साझेदारका रूपमा स्विजरल्यान्डले सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने अपेक्षा राखेको बताए ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

बालश्रममा सम्झौता अस्वीकार्य

बालश्रम अन्त्य गर्ने उद्देश्यले ल्याइएको नयाँ विधेयकमा १३ वर्ष पुगेका बालबालिकालाई निश्चित सर्तमा हलुका काम गर्न दिन सकिने प्रस्ताव आएपछि नयाँ बहस सुरू भएको छ । यो प्रावधानप्रति सरकारका दुई मन्त्रीबीचै पनि मतभेद देखिएको छ । बालबालिकालाई काम गर्न दिने कि नदिने भन्ने बहस उनीहरूको उमेर र कानुनी व्यवस्थामा मात्र सीमित हुनुहुँदैन । यसले बालअधिकार, शिक्षा, सामाजिक सुरक्षा र गरिबीको अवस्थालाई पनि समेटनुपर्छ । कानुनमन्त्री सोविता गौतमले विद्यार्थी तथा किशोर-किशोरीलाई स्वेच्छिक रूपमा आंशिक काम गर्न दिने व्यवस्था आवश्यक ठानेकी छन् । पढाइ खर्च जुटाउन र आत्मनिर्भर बन्न यस्तो अवसर उपयोगी हुने उनको तर्क छ । अर्कोतर्फ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीले कानुनी लचकताको दुरूपयोग हुन सक्ने र गरिब तथा सीमान्तकृत समुदायका बालबालिका श्रम शोषणमा पर्ने जोखिम औंल्याएकी छन् । दुवै धारणामा विचार गर्नुपर्ने पक्ष छन् । तर बालश्रमको बाध्यता ठान्ने समुदायलाई बेवास्ता गरेर कानुन बनाउँदा त्यसले अन्त्य हुँदै गएको बालश्रमकै बाटोमा फर्काउने जोखिम बढ्छ ।

नेपालमा बालबालिका श्रममा संलग्न हुनुको कारण उनीहरूको स्वेच्छा मात्र होइन । पारिवारिक गरिबी, अभिभावकको कमजोर आय, शिक्षामा पहुँच नहुनु र सामाजिक असमानताले धेरै बालबालिकालाई काम गर्न बाध्य बनाउँछन् । यस्तो अवस्थामा 'स्वेच्छिक पार्ट-टाइम काम'को व्यवस्था व्यवहारमा रोजगारदाताले बालश्रमलाई वैधता दिने माध्यम बन्न सक्छ । अभिभावकको सहमति र बालबालिकाको इच्छाले मात्र शोषणको त्यो जोखिम टार्न सक्दैन ।

सरकारले प्रस्ताव गरेको विधेयकमा १३ देखि १५ वर्षमुनिका बालबालिकालाई दैनिक दुई र साप्ताहिक १२ घण्टासम्म हलुका काममा लगाउन सकिने व्यवस्था छ । जोखिमपूर्ण काममा प्रतिबन्ध, विश्राम, बिदा, स्वास्थ्य परीक्षण र सामाजिक सुरक्षा कोषमा आबद्धताजस्ता प्रावधान पनि छन् । यी व्यवस्था कागजमा सामान्यजस्तो देखिए पनि कार्यान्वयनमा अनेक समस्या आउनसक्छ । स्थानीय तहले नियमित निरीक्षण गर्न सक्ने क्षमता, स्रोत र जनशक्ति सुनिश्चित नगरी कानुनी प्रावधान प्रभावकारी हुँदैनन् । कालान्तरमा सोही कानुनी छिद्र समाएर बालश्रमले वैधानिकता पाउने बाटो खुल्न सक्छ ।

बालबालिकालाई कामको अवसर दिनुभन्दा पहिले उनीहरूलाई काम गर्नुपर्ने बाध्यताबाट मुक्त गर्नु राज्यको दायित्व हो । निःशुल्क र गुणस्तरीय शिक्षा, बालपोषण भत्ता, छात्रवृत्ति र सामाजिक सुरक्षा विस्तार यसका आधार हुन् । श्रममा संलग्न बालबालिकाको उद्धारपछि शिक्षा र परिवारमा पुनर्स्थापनाको व्यवस्था गर्नु जरूरी छ । विधेयक अहिले संसदीय समितिमा छलफलको चरणमा छ । कानुन लचिलो वा कठोर कस्तो हुने भन्नेभन्दा पनि त्यसले बालबालिकालाई शोषणबाट कति सुरक्षित राख्छ भन्ने आधारमा निर्णय हुनुपर्छ । बालश्रम अन्त्य गर्ने लक्ष्यमा कुनै सम्झौता हुनु हुँदैन ।

प्रेसमाथि सरकारी प्रहार

समाचार लेखेकै आधारमा पत्रकार पक्राउ गर्ने र सञ्चारगृहमा प्रहरी परिचालन गर्ने कार्यले प्रेस स्वतन्त्रतामाथि प्रश्न उठाएको छ । सरकारको आलोचना गर्नु अपराध होइन, लोकतन्त्रमा सरकारलाई जनताप्रति उत्तरदायी बनाउने माध्यम हो । प्रेस स्वतन्त्रताको सम्मान गर्दै पत्रकारिता पनि तथ्य, सत्य र जिम्मेवारीमा आधारित हुनुपर्छ ।

अग्रलेख



● खिमराज गिरी

लोकतन्त्रमा नागरिक वा प्रेसजगत्ले सरकारका नराम्रा कामको आलोचना गर्नु र राम्रा कामको प्रशंसा गर्नु अपराध होइन । बरु आलोचना र खबरदारीले सरकारलाई जनताप्रति उत्तरदायी बनाउँछ । तर समाचार लेखेकै आधारमा पत्रकार पक्राउ गर्ने, सञ्चारगृहमा प्रहरी परिचालन गर्ने र पत्रकारको स्वतन्त्रतामाथि दबाब सिर्जना गर्ने प्रवृत्ति बढ्न थाल्यो भने त्यसले लोकतान्त्रिक शासन व्यवस्थामाथि नै प्रश्न खडा गर्छ ।

कुनै पनि सञ्चारमाध्यममा प्रकाशित समाचारको स्रोत खोज्ने र सोधपुछ गर्ने भन्दै गत कार्तिक १२ र १३ गते विभिन्न सञ्चारमाध्यममा सादा पोसाकका प्रहरीले धरपकड गरे । नयाँ पत्रिकाका पत्रकार नवराज मैनालीलाई खोज्ने क्रममा प्रहरी उक्त पत्रिकाको कार्यालयमा पुग्यो । नेपाल प्रेस, दियो पोस्ट र मोटिभेट न्युजको कार्यालयमा प्रवेश गरी पत्रकार पक्राउ गरियो । नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदीलाई बानेश्वरस्थित कार्यालयको समाचार कक्षबाटै नियन्त्रणमा लिइयो भने मोटिभेट न्युजका सम्पादक शोभराज बराल पनि पक्राउ परे । दियो पोस्टका प्रधानसम्पादक सुदीप विश्वकर्मा र समाचार संयोजक ढुंगानालाई समेत प्रहरीले खोजेको थियो ।



समाचार लेखेकै आधारमा सञ्चारगृहभित्र प्रवेश गरी पत्रकार पक्राउ गर्ने कार्यको अहिले व्यापक विरोध भइरहेको छ । सम्बन्धित पक्ष तथा आमनागरिकले यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा लिएका छन् । वास्तवमा सरकारको पक्षमा समाचार लेख्दा ठीक हुने तर सरकारका कामकारबाहीबारे प्रश्न उठाउँदा पक्राउ र धरपकडको सामना गर्नुपर्ने अवस्था आयो भने लोकतन्त्रमा लेख्ने र बोल्ने अधिकारको औचित्य के रहन्छ ? पञ्चायती शासन व्यवस्था र प्रजातान्त्रिक तथा लोकतान्त्रिक शासन व्यवस्थाबीचको अन्तर के हो भन्ने प्रश्न पनि यसले उठाएको छ ।

सरकारका गलत कामको खबरदारी गर्दा प्रेसलाई तर्साउने र धरपकड गर्ने कार्यले कतै शासकीय शैलीमा पुरानै निरंकुशताको झल्को दिएको त होइन भन्ने प्रश्न विभिन्न बुद्धिजीवी, सामाजिक अभियन्ता र सञ्चार क्षेत्रबाट उठिरहेको छ । लोकतन्त्रमा सरकारका कामकारबाहीमाथि प्रश्न उठाउनु पत्रकारिताको स्वाभाविक जिम्मेवारी हो । आलोचनात्मक समाचारलाई सरकारविरुद्धको गतिविधिका रूपमा बुझ्नु उचित हुँदैन । सरकारले आफ्ना कामको समीक्षा गर्न र कमजोरी सच्याउन सञ्चारमाध्यमले उठाएका प्रश्नलाई अवसरका रूपमा लिनुपर्छ ।

पत्रकारले समाचारको स्रोत खोल्न मिल्दैन । कुनै व्यक्तिले यथार्थ र सत्यतथ्य घटना विवरण पत्रकारलाई जानकारी गराउँछ भने उसको गोपनीयता कायम राख्नु सञ्चारमाध्यमको कर्तव्य हो । स्रोतको पहिचान सार्वजनिक गर्न दबाब दिइने हो भने सार्वजनिक सरोकारका विषयमा सूचना दिन चाहने नागरिक निरुत्साहित हुन सक्छन् । यसले खोजमूलक पत्रकारितालाई समेत असर पुऱ्याउँछ । तर कुनै सञ्चारमाध्यमले झुटो विवरण प्रकाशन गरेर व्यक्ति, संस्था वा सरकारलाई बदनाम गराउन खोज्छ भने त्यसलाई कानुनी कठघरामा उभ्याउनुपर्छ । तथापि सरकार वा कुनै पक्षको कामकारबाहीबारे समाचार लेखेकै आधारमा समाचार कक्षमा विनासूचना धरपकड गरी प्रेस स्वतन्त्रतामा आँच पुऱ्याउनु उचित होइन । अनुसन्धानका नाममा सञ्चारमाध्यमलाई त्रसित बनाउने, समाचारको स्रोत खुलाउन अनुचित दबाब दिने वा आलोचनात्मक आवाज बन्द गर्न खोज्ने कार्यले सरकारप्रति जनताको आक्रोश बढाउँछ ।

नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रता र धारा १९ ले सञ्चारको हकको प्रत्याभूति गरेको छ । त्यस्तै, धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था गरिएको छ । यी अधिकार निरपेक्ष भने होइनन् । सरकारले कानुनविपरीतका काम गर्नेलाई नियन्त्रणमा लिन सक्छ । तर त्यसका लागि कानुनी प्रक्रिया पूरा गर्नुपर्छ । प्रतिशोध साधेर कारबाही गर्ने छुट सरकारलाई हुँदैन । राज्यका निकायले आफ्नो अधिकार प्रयोग गर्दा संविधान र कानुनले निर्धारण गरेको सीमालाई ख्याल गर्नुपर्छ ।

पत्रकारलाई पक्राउ गर्न पक्राउ पुर्जी अनिवार्य हुन्छ भन्ने बुझाइ पनि पूर्णतः सही नहुन सक्छ । सम्बन्धित कानुनले अनुमति दिएको अवस्थामा तत्काल पक्राउ गर्न सकिने अपवाद पनि छन् । तर त्यसका लागि कानुनी आधार र आवश्यक प्रक्रिया पूरा भएको हुनुपर्छ । पक्राउ पुर्जी नलिई पक्राउ गरिएको भन्दैमा हरेक कारबाही स्वतः गैरकानुनी हुँदैन । त्यसैगरी प्रहरीसँग अधिकार छ भन्दैमा जस्तोसुकै धरपकड पनि वैध हुँदैन । कुनै सञ्चारगृहमा प्रवेश, खानतलासी, उपकरण नियन्त्रण वा पत्रकार पक्राउ गर्दा सम्बन्धित कानुनले तोकेको प्रक्रिया पालना गर्नुपर्छ ।

प्रेस स्वतन्त्रता अनुसन्धानबाट उन्मुक्ति होइन, तर अनुसन्धानका नाममा प्रेसमाथि मनपरी गर्ने छुट पनि होइन । पत्रकारले लेखेको समाचारविरुद्ध उजुरी परेमा पहिले त्यसको प्रकृति, उपलब्ध प्रमाण र लागू हुने कानुन पहिचान गर्नुपर्छ । आवश्यकतानुसार स्पष्टीकरण लिने, प्रमाण संकलन गर्ने र निष्पक्ष अनुसन्धान गर्न सकिन्छ । फौजदारी कसुरको आशंका भए सम्बन्धित कानुनअनुसार प्रक्रिया अघि बढाउनुपर्छ । तर समाचारप्रति असहमति भएकै कारण पक्राउलाई पहिलो विकल्प बनाउनु हुँदैन ।

कुनै समाचारले व्यक्तिको प्रतिष्ठामा आँच पुऱ्याएको, गोपनीयता भंग गरेको वा झुटो विवरण प्रकाशित गरेको आरोप लागेमा पनि प्रमाण र कानुनी आधारमा मात्र निर्णय गर्नुपर्छ । आलोचना र अपराधबीचको भिन्नता छुट्याउन नसक्ने राज्यले लोकतन्त्रलाई कमजोर बनाउँछ । सरकारको आलोचना गर्नु र सरकारविरुद्ध अपराध गर्नु एउटै कुरा होइन । यी दुई विषयलाई एउटै दृष्टिकोणबाट हेर्नु उचित हुँदैन । यसर्थ पत्रकार, नागरिक तथा राज्य सबै पक्ष आ-आफ्नो क्षेत्रमा जिम्मेवार बन्नुपर्छ । प्रेस स्वतन्त्रताको अर्थ जे लेखे पनि छुट पाउनुपर्छ भन्ने होइन । सञ्चारमाध्यमले तथ्य जाँच गर्ने, सम्बन्धित पक्षको कुरा बुझ्ने, समाचार र विचारबीचको भिन्नता छुट्याउने, गोपनीयताको सम्मान गर्ने तथा गल्ती भए सच्याउने जिम्मेवारी पूरा गर्नुपर्छ । अपुष्ट सूचना र कुनै व्यक्ति वा राज्यको चरित्रहत्या गर्ने मनसायले प्रकाशित सामग्रीले पत्रकारिता क्षेत्रकै बदनाम गर्छ ।

अर्कोतिर नागरिक पनि सचेत हुनुपर्छ । कुनै पनि सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा समाचार प्रकाशित भयो भन्दैमा त्यसलाई तत्काल विश्वास गर्नु हुँदैन । समाचारको स्रोत, आधिकारिकता र विश्वसनीयता जाँच्ने बानी बसाल्नुपर्छ । सामाजिक सञ्जालमा आउने सबै सूचना सत्य हुँदैनन् । त्यसैले नागरिकले आधिकारिक सञ्चारमाध्यमले के सूचना दिएका छन् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ ।

सरकारले पनि आलोचनालाई शत्रुता नठानी सचेत गराउने माध्यमका रूपमा लिनुपर्छ । सरकारका कामकारबाहीमाथि प्रश्न उठ्नु लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । प्रहरीले कानुनको पालना गर्दै प्रमाणका आधारमा काम गर्नुपर्छ भने अदालतले कानुनी उपचार र नागरिक अधिकार संरक्षणको भूमिका निर्वाह गर्नुपर्छ । राज्यका सबै निकायले आफ्नो जिम्मेवारी र अधिकारको सीमा बुझ्न आवश्यक छ ।

प्रेस स्वतन्त्रता पत्रकारको मात्र अधिकार होइन । यो आमनागरिकले सुसूचित हुन पाउने माध्यम र अधिकार पनि हो । सञ्चारमाध्यम कमजोर भए सरकारका गलत काममाथि प्रश्न उठाउने आवाज दबिन सक्छ । त्यसैले अहिलेको प्रश्न पत्रकारलाई कारबाही गर्न पाइन्छ कि पाईदैन भन्ने मात्र होइन, कारबाही कानुनअनुसार भयो कि शक्तिको आडमा भन्ने हो ।

दुईतिहाइको सरकार शक्तिशाली हुन सक्छ, तर दुईतिहाइको दम्भले विगतमा पनि नेपालका धेरै सरकारलाई जनताले दण्डित गरेका छन् भन्ने कुरा बिर्सनु हुँदैन । सरकार शक्तिशाली भए पनि कानुनभन्दा माथि हुन सक्दैन । पत्रकारले पनि आफ्नो जिम्मेवारी भुल्नु हुँदैन । पत्रकारिताका नाममा सरकारलाई तर्साएर अनुचित लाभ लिने प्रवृत्तिलाई राम्रो मान्न सकिँदैन । सरकारको नेतृत्व गर्नेहरूले आलोचनालाई शत्रुतापूर्ण व्यवहारका रूपमा लिनुभन्दा त्यसलाई सहर्ष स्वीकार गरी आफ्ना कमजोरी सच्याउनुपर्छ । स्वतन्त्र प्रेस, उत्तरदायी सरकार र सचेत नागरिक नै लोकतन्त्र र गणतन्त्रका वास्तविक आधारस्तम्भ हुन् भन्ने कुराको हेक्का सबैले राख्न जरुरी छ ।

उधारो लोकतन्त्र

सुशासन



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

लोकतन्त्रले संघीयता र गणतन्त्र ल्याए पनि विकासका सपना अधुरै छन् । बेरोजगारी, वैदेशिक निर्भरता, भ्रष्टाचार, कमजोर राज्यसंयन्त्र र बढ्दो जनअसन्तुष्टिले लोकतन्त्रको उपलब्धिमाथि प्रश्न उठाएको छ । सत्ता र नेतृत्वको स्वार्थभन्दा जनताको जीवनमा परिवर्तन ल्याउने शासन आवश्यक छ ।



लोकतन्त्रले संघीयता र गणतन्त्र ल्यायो । संघ, प्रदेश र स्थानीय तहसम्म विकास गर्ने सपना देखायो । तर देशमा यथेष्ट पुँजी थिएन । भएको मानव पुँजी पनि परिचालन हुन सकेन । बरु ठुलो जनशक्ति खाडी मुलुकतिर धकेलियो । रेमिट्यान्सका रूपमा डलर भित्रियो, तर त्यसले पुँजी निर्माणमा पर्याप्त योगदान गर्न सकेन । अधिकांश रकम उपभोगमा खर्च भयो । विलासी जीवनशैली बढ्यो, उत्पादन र उद्यमशीलता कमजोर रह्यो । लोकतन्त्र ल्याउने नेताहरू सधैं भोका छन् । देश संकटबाट मुक्त हुन सकेको छैन । सञ्चालित लोकतन्त्र उधारोमै छ ।

सामाजिक सुरक्षा र बिमाजस्ता कार्यक्रमलाई ठुलो उपलब्धिका रूपमा प्रस्तुत गरियो । तर तिनको प्रभावकारी कार्यान्वयन हुन सकेन । काम अधुरै रहे । बिस्तारै बिमाको दायरा बढाइयो, बिजुलीमा भ्याट थपियो, घरजग्गाको मूल्य बढ्यो र करको भारले जनताको ढाड सेकियो । कृषि उत्पादन खस्कियो । विदेशबाट पैसा आइहाल्छ भन्ने सोचले स्वदेशमै उद्यम गर्ने प्रवृत्ति कमजोर बन्यो । धेरै मानिस सामाजिक सञ्जालमै व्यस्त भएर दिन बिताउन थाले । राज्यले देखाएका विकासका सपना अधुरै रहे ।

राष्ट्रिय गौरवका आयोजना थपिँदै गए, तर कामको गति बढेन । चार दशकअघि सुरु गर्ने भनिएका कतिपय रिङरोड अझै निर्माणकै चरणमा पुगेका छैनन् । सुरु भएका आयोजना पनि अधुरा छन् । पूरा भएका कतिपय संरचना वर्षाले बिगारेका छन् वा भ्रष्टाचारको आरोपमा निर्माण प्रक्रियामा संलग्न व्यक्तिहरू कारबाहीमा परेका छन् ।

काठमाडौंको बाहिरी चक्रपथ मात्र होइन, जिल्लाहरूमा प्रस्तावित प्रदेशस्तरीय चक्रपथ पनि अलपत्र छन् । सानो सडकलाई समेत चक्रपथको नाम दिने प्रवृत्ति देखिएको छ । मुस्ताङजस्तो दुर्गम र सानो भूगोल भएको जिल्लामा पालिकास्तरकै सडकलाई चक्रपथ भनिएको छ । विराटनगरको रिङरोड अवधारणा तीन दशकदेखि चर्चामै सीमित छ । पोखरा चक्रपथ अध्ययनमै छ । जनकपुरधाम रिङरोड एक दशक बित्दा पनि सुरु हुन सकेको छैन । लमजुङमा चार वर्षअघि सुरु भएको ११ किलोमिटरको रिङरोड बजेट अभावमा अधुरो छ । वीरेन्द्रनगर नगरपालिकाको चक्रपथको अवस्था पनि उस्तै छ ।

लोकतन्त्र आउनुअघि नै बनेको काठमाडौंको चक्रपथ विस्तारअन्तर्गत चीनको सहयोगमा कोटेश्वर-कलंकी खण्ड पूरा भयो । तर कलंकी-बसुन्धरा खण्ड अझै अलमलमा छ । स्वयम्भूको चैत्य, बसुन्धरा क्षेत्रमा मुआब्जा र चाबहिल-गौशाला तथा जयबागेश्वरी क्षेत्रका सांस्कृतिक सम्पदासम्बन्धी समस्याले काम अघि बढ्न सकेको छैन । ती क्षेत्रमा भूमिगत सडक बनाउने सपना पनि उधारै छ । काठमाडौं उपत्यका बाहिरी चक्रपथको अवधारणा आएको बर्सौं भयो, तर विकास प्राधिकरण र स्थानीय तहबीच सहमति जुट्न सकेको छैन ।

पुराना र साँघुरा सडकमा यात्रा गर्दा नागरिकले सास्ती भोगिरहेका छन् । सवारीसाधनको संख्या बढेको छ । ट्राफिक व्यवस्थापन सहज बनाउनुपर्नेमा सरकारले जरिवानाबाट राजस्व असुल्ने काम गरिरहेको छ । सडक पूर्वाधार व्यवस्थित भएको भए नागरिकले यति धेरै सास्ती भोग्नुपर्ने थिएन ।

नेपाललाई विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्ने घोषणा पनि लोकतन्त्रका उपलब्धिका रूपमा प्रस्तुत गरियो । सन् २०१८ सम्म स्तरोन्नति हुने भनिएकोमा म्याद पटकपटक सारियो । सन् २०२६ लाई अन्तिम मिति तोकिए पनि फेरि समय थपियो । संयुक्त राष्ट्रसंघको ८१औं महासभाले नेपालको अनुरोधअनुसार सन् २०२९ सम्मको समय दिएको छ । अल्पविकसित राष्ट्रका रूपमा पाइरहेका भन्सार तथा सहुलियतपूर्ण ऋणका सुविधा गुम्ने डर र स्तरोन्नति हुन नसक्ने अवस्थाको अन्योलबीच नेपाल अल्झिएको छ ।

लोकतन्त्रका सञ्चालकहरूले राज्यलाई निजी कम्पनीजस्तै चलाए । चार दशकमा जनताको असन्तुष्टि यति बढ्यो कि सिंहदरबारदेखि विभिन्न सरकारी संरचनासम्म आगजनी र तोडफोड भयो । सुरक्षासंयन्त्र कमजोर देखिए । सीमा व्यवस्थापनदेखि स्थायी सरकार भनिने प्रशासनिक संयन्त्रसम्म कमजोरी र समन्वय अभाव देखियो । कर्मचारीमाथि निगरानी बढ्यो, कतिपय हत्कडीमा परे । भ्रष्टाचारले सीमा नाघ्यो । राज्यसंयन्त्र कमजोर हुँदा बाह्य शक्तिले समेत नेपाललाई आफ्नो स्वार्थअनुसार प्रयोग गर्ने अवसर पाए ।

राज्यका प्रमुख सञ्चालक नै शंकाको घेरामा परे । गृह र उपप्रधानमन्त्रीजस्ता जिम्मेवार पदमा पुगेका व्यक्ति कारागारमा पुगे । कतिपय नेता देश छाडेर भागे । यस्तो अवस्था सिर्जना हुँदा पनि लोकतन्त्रका नाममा पद ओगटेर बस्नेहरूमा आत्मसमीक्षा देखिएन । पार्टीहरू फुटेर, अधिवेशन र महाधिवेशनका नाममा फेरि सत्ताकै जोडघटाउमा लागिरहेका छन् । जनताले भोगेको क्षति र असन्तुष्टिलाई बेवास्ता गर्दै पुरानै विरासत फर्काउने प्रयास भइरहेको छ ।

पछिल्लो राजनीतिक परिवर्तनपछि बनेको सरकारले पनि अपेक्षाअनुसार परिणाम दिन सकेको छैन भन्ने गुनासो बढेको छ । नयाँ सरकारले पुराना भ्रष्ट र प्रिपेड नेतामाथि कारबाही गर्न नसकेको, समाते पनि छिट्टै छाडेको, प्रदेश संरचना नहटाएको, महँगी र ऋण नघटाएको आरोप लागिरहेको छ । पुरानै विरासतमा फर्किएको भन्नेहरू पनि कम छैनन् ।

सरकारी संयन्त्र झन् कमजोर हुँदै गएको देखिन्छ । प्रहरी, सेना र निजामती सेवाप्रति अविश्वास बढेको छ । निजामती सेवा विधेयक विवादमा छ । सिंहदरबारका कर्मचारीमा असन्तुष्टि छ । परिपक्व नीति र निर्णय आउन नसक्दा देश थप अन्योलमा परेको छ । नयाँ आशा निराशामा बदलिन थालेको छ । आमसेवाग्राहीमा असन्तुष्टि बढेको छ । अर्थमन्त्रीलाई लक्षित गरेर सामाजिक सञ्जालमा गालीगलौज गरिएका भिडियोसमेत सार्वजनिक भइरहेका छन् । विदेश भ्रमण र दौडधुपमा पनि पुरानै शैली दोहोरिएको टिप्पणी सुनिन्छ ।

नेपालजस्तो नरम र सम्भावनायुक्त देश लोकतन्त्रका नाममा लोभतन्त्रमा फसेको त होइन ? अब कसले र कसरी उद्धार गर्ने ? जेन्जी आन्दोलनले परिवर्तनको आशा जगाए पनि त्यसबाट पनि पुरानै उधारो लोकतन्त्रको निरन्तरता हुने हो कि भन्ने चिन्ता बढेको छ । लोकतन्त्रको नाममा सत्ता र सुविधा बाँड्ने होइन, जनताको जीवनमा परिवर्तन ल्याउने शासन चाहिएको छ ।

इतिहासको पाना

● रतन भण्डारी

राणाभित्रै छुवाछुतको व्यवहार



चन्द्रशमशेर, देवशमशेर र भीमशमशेरजस्ता शक्तिशाली राणा शासकहरू आफ्नै परिवारभित्रै छुवाछुतको व्यवहार भोग्थे । उनीहरूका दाजुभाइ र नातेदारले समेत उनीहरूको हातको भात खाँदैनथे । यसको कारण थियो, उनीहरूकी मावली बजैको विगत ।

इतिहासकार पुरुषोत्तमशमशेर जबराका अनुसार जंगबहादुरका कान्छा भाइ धीरशमशेरकी पत्नी नन्दकुमारीवाट खड्गशमशेर, देवशमशेर, चन्द्रशमशेर र भीमशमशेर जन्मिएका थिए । नन्दकुमारीकी आमा सुरुमा जोगिनी बनेर देश-विदेश भिक्षा मार्दै हिंडेकी थिइन् । पछि घर फर्किएर विवाह गरी गृहस्थ जीवन बिताएकी थिइन् । यही पारिवारिक पृष्ठभूमिका कारण नन्दकुमारी र उनका सन्तानको हातको भात चल्दैनथ्यो ।

धीरशमशेरले भाउजू हिरण्यगर्भदेवीमार्फत जंगबहादुरलाई आग्रह गरेपछि वि.सं. १९२३ चैतमा जंगबहादुरले नन्दकुमारीले पकाएको भात खाएका थिए । त्यसपछि मात्र नन्दकुमारी र उनका छोराहरूको हातको भात चल्न थालेको पुरुषोत्तमशमशेरले उल्लेख गरेका छन् ।

नन्दकुमारीका भाइ केशरसिंह थापा थिए । त्यसैले जंग थापा र शमशेर थापाबीच पनि एक-अर्काको हातको भात नचल्ने अवस्था थियो । रुद्रशमशेरका अनुसार वि.सं. १९६५ (सन् १९०८) मा चन्द्रशमशेरले लन्डनमा डिल्लीशमशेर थापालाई माथि र चन्द्रजंग थापालाई तल राखेर भात खुवाएपछि दुवै थापा खलकबीचको भात चल्न थालेको थियो ।

यस्तै, जुद्धशमशेरकी आमा जुहारकुमारीको जातीय पृष्ठभूमिबारे पनि फरक-फरक विवरण पाइन्छन् ।

पुरुषोत्तमशमशेरले उनलाई लखनउ निवासी मुस्लिम महिला भनेका छन् । अन्य विवरणमा उनी विधवा जाट वा कहानी समुदायकी महिला भएको उल्लेख छ । यही कारण जुद्धशमशेरको हातको भात पनि चल्दैनथ्यो । पछि वीरशमशेरले थापाथलीमा शेरशमशेरको व्रतबन्धका बेला जुद्धशमशेरलाई आफूभन्दा माथि राखेर भात खाएपछि उनको हातको भात चलेको थियो ।

विडम्बना ! यही छुवाछुतको व्यवहार भोगेका चन्द्रशमशेर र जुद्धशमशेर सत्तामा पुगेपछि भने आफूलाई उच्च जातको ठान्दै अरूलाई होच्याउने गरेको विवरणमा उल्लेख छ ।

चन्द्रशमशेरले जेठी पत्नी लोकभक्तको निधनपछि जाजरकोटे ठकुरी हरिविक्रम शाहकी छोरी बालकुमारीसँग विवाह गरेका थिए । जातका कारण मोहनशमशेरसहित जेठी पत्नीतर्फका उनका भाइहरूले बालकुमारीलाई ढोग्न मानेनन् । त्यसपछि मोहनशमशेरलाई चन्द्रशमशेरको पुरानो पारिवारिक पृष्ठभूमि सम्झाइयो । अन्ततः उनीहरूले बालकुमारीलाई ढोगेका थिए ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

कतारमा २०औं एसियाली स्वास्थ्य शिविर

५७५ नेपाली श्रमिक लाभान्वित

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १६ कात्तिक



कतारमा प्रवासी श्रमिक तथा न्यून आय भएका समुदायलाई लक्षित गरी आयोजित २०औं एसियाली स्वास्थ्य शिविर सम्पन्न भएको छ। सेन्टर फर इन्डियन कम्युनिटी (सिआइसी) कतारको मुख्य आयोजना तथा इन्डियन डक्टर्स क्लबको सहकार्यमा दोहास्थित उम्म अल सिनिम स्वास्थ्य केन्द्रमा सम्पन्न शिविरबाट ५७५ जना नेपाली श्रमिकसहित दुई हजारभन्दा बढी लाभान्वित भएका छन्।

नेपाली समुदायको सहभागिता बढाउन अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज (अनेमुस) कतारले पहल, समन्वय तथा सहजीकरण गरेको थियो। अनेमुसकै समन्वयमा ७४९ जना नेपालीले शिविरका लागि अग्रिम नाम दर्ता गराएका थिए। स्वास्थ्य सेवा लिन पुगेका नेपालीमध्ये ५७५ जनाले निःशुल्क परीक्षण, विशेषज्ञ चिकित्सकको परामर्श तथा औषधि सेवा प्राप्त गरेको अनेमुसका अध्यक्ष अजमत् अलिले जानकारी दिए। अलीका अनुसार शिविरमा व्यवस्थापन र सेवा प्रवाहका लागि ७६ जना नेपाली स्वयंसेवक परिचालित गरिएको थियो।

आयोजकका अनुसार नेपालीसहित विभिन्न दक्षिण एसियाली मुलुकका चार हजारभन्दा बढी श्रमिकले स्वास्थ्य परीक्षणका लागि नाम दर्ता गराएका थिए। शिविरमा १४० भन्दा बढी विशेषज्ञ चिकित्सक, १५० भन्दा बढी नर्स, ४० भन्दा बढी फर्मासिस्ट तथा पाँच सयभन्दा बढी स्वयंसेवक परिचालित थिए। शिविरमा मुटु, मिर्गौला, कलेजो, हाडजोर्नी, छाला, आँखा, दन्त तथा नाक, कान र घाँटीसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिएको थियो। साथै रक्तदान, अंगदान दर्ता, मानसिक स्वास्थ्य परामर्श, फिजियोथेरापी, श्रवण तथा आँखा परीक्षण र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। सहभागीलाई आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको थियो।

शिविरको उद्घाटन गर्दै कतारका लागि भारतीय राजदूत डा. के. श्रीकर रेड्डीले एसियाली स्वास्थ्य शिविर सामाजिक सेवाप्रतिको प्रतिबद्धता र मानवीय सहयोगको उत्कृष्ट नमुना भएको बताए। उनले कामको व्यस्तता तथा आर्थिक कठिनाइका कारण स्वास्थ्य परीक्षणबाट वञ्चित नहुन प्रवासी श्रमिकलाई आग्रह गर्दै रोगको समयमै पहिचान र उपचारमा जोड दिए।

कार्यक्रममा श्रीलंकाका लागि कतार स्थित राजदूत सितारा खान आजार्ड, प्राथमिक स्वास्थ्य सेवा निगमकी क्षेत्रीय निर्देशक डा. हयाम अल सदा, हमाद मेडिकल कर्पोरेसनका जनसम्पर्क सहायक कार्यकारी निर्देशक अहमद अल मल्की, नेपाली दूतावासका प्रथम सचिव जितेन्द्र गिरी तथा बङ्गलादेशी दूतावासका वरिष्ठ काउन्सिलर मशुद कबिरलगायतको उपस्थिति थियो।

कतारको सार्वजनिक स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य सेवा निगम र हमाद मेडिकल कर्पोरेसनको सुपरिवेक्षणमा सम्पन्न शिविरमा विभिन्न स्वास्थ्य तथा सामाजिक संस्थाले सहकार्य गरेका थिए। दुई दशकदेखि निरन्तर आयोजना हुँदै आएको यस शिविरले स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका प्रवासी श्रमिक, घरेलु कामदार तथा न्यून आय भएका समुदायलाई लक्षित गर्दै आएको छ।

सात महिनामा १ अर्ब ३३ करोडको अवैध सामग्री बरामद



काठमाडौं/मस- सशस्त्र प्रहरी बल, नेपालले पछिल्लो सात महिनामा सीमा क्षेत्रबाट १ अर्ब ३३ करोड रुपैयाँभन्दा बढी मूल्यको अवैध सामग्री बरामद गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएयता २०८२ चैत १३ देखि २०८३ कात्तिक १२ गतेसम्म १ अर्ब ३३ करोड २६ लाख ९१ हजार ५९९ रुपैयाँ बराबरको अवैध सामग्री बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सरकारको सीमा क्षेत्रमा निगरानी र सुरक्षा व्यवस्था कडा बनाउने नीतिअनुरूप अवैध सामानको ओसारपसार, लागुऔषध कारोबार, हातहतियार तस्करी तथा अन्य आपराधिक गतिविधिविरुद्ध कारबाही तीव्र पारिएको सशस्त्र प्रहरीको भनाइ छ।

यस अवधिमा १७ नाल अवैध हातहतियार बरामद गरिएको छ भने आठ जना पक्राउ परेका छन्। त्यस्तै, लागुऔषध कारोबारमा संलग्न ४२१ जना पक्राउ परेका छन्। उनीहरूबाट गाँजा, चरेस, अफिम, खैरो हेरोइन, विभिन्न ट्याब्लेट तथा इन्जेक्सनलगायत लागुऔषध बरामद गरिएको छ।

मानव बेचबिखन तथा ओसापसारको जोखिममा परेका १६७ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ११८ जना बालबालिका रहेका छन्। मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको आरोपमा ९१ जना पक्राउ परेका छन्।

युएईमा रोजगार

कम्पनी: TELAL AL SHARQ GENERAL MAINTENANCE — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०७/१६ — चलानी नं.: ६०२६२९८७ — LT. No.: 349533

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Tile Layer	6	0	स. काममा दक्ष	1500	६१,९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २४ गते (10 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इ. पत्र नं. ७६७/०६४/०६५

सेफल्याण्ड ओभरसिज प्रा. लि.
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445

अवैध रूपमा सालका रुख कटान

खोटाङ/मस- खोटाङमा सालका रुख अवैध रूपमा ढालेर कटान गरेको भेटिएको छ। खाल्ले र लफ्याङका दुई वटा सामुदायिक वन क्षेत्रमा करिब १०० वटा सालका रूख अवैध रूपमा ढालेर काठ कटान गरी निकासी गर्ने तयारीमा पत्ता लागेको हो। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेस्थित चन्द्रमान सामुदायिक वन र सोही नगरपालिकाको वडा नं. ५ लफ्याङस्थित देउले सामुदायिक वन क्षेत्रमा करिब ३० वटा सालका रुख काटेको भेटिएको छ। चन्द्रमान सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष एकराज पौडेले सामुदायिक वन क्षेत्रमा सालका रुख कटान गरेर ढालेको पाइएको जानकारी दिए।

उनले भने, 'कसले र कुन प्रयोजनका लागि कटान गरेको हो भन्ने अझै खुल्न सकेको छैन। कटान गरिएका गोलिया रूखहरू वन क्षेत्रमै अलपत्र अवस्थामा छन्।'

सालका रुख अवैध रूपमा ढाल्नमा संलग्न व्यक्ति तथा समूहको पहिचान गरी उनीहरूमाथि कानुनी कारबाहीको प्रक्रिया अघि बढाइने अध्यक्ष पौडेलले जानकारी दिएका छन्। सामुदायिक वनमा भएको अवैधरुपमा सालका रुख कटानका घटनाको वास्तविकता पत्ता लगाउन चन्द्रमान सामुदायिक वन उपभोक्ता समितिले पाँच सदस्यीय अनुगमन समितिसमेत गठन गरेको जनाइएको छ।

उपभोक्ता समितिले वन क्षेत्रमा रहेका सालका रुख ढालेको अवस्थाबारे अनुगमन गरी घटनाको तथ्य पत्ता लगाउन आवश्यक प्रक्रिया अघि बढाउने बताइएको छ। सामुदायिक वन क्षेत्रमा यसरी ठुलो संख्यामा रुख काटिँदा समेत सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन तथा नियमन हुन नसकेको स्थानीय गोपाल श्रेष्ठले बताए। सब-डिभिजन वन कार्यालय दिक्तेलका वन अधिकृत सरोज घिमिरेले सामुदायिक वन क्षेत्रमा भएको सालका रुख कटानको घटनामा स्थलगत अनुगमन गरी क्षतिको यकिन विवरण संकलन गरिने बताएका छन्।

उनका अनुसार घटनामा संलग्न व्यक्तिको पहिचान गरी प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीको प्रक्रियासमेत अघि बढाइने भएको छ। वाइछा दोभान क्षेत्रमा निजी जग्गा र सामुदायिक वनको सिमाना यकिन हुन नसकेकाले नापी टोलीको सहयोगमा जग्गाको सिमाना छुट्याइने वन अधिकृत घिमिरेले जानकारी दिए।

सीमा निर्धारण भएपछि सालका रुख कटान भएको क्षेत्रको वास्तविक अवस्था पहिचान गरेर थप अनुसन्धान अघि बढाइने भएको हो। स्थानीयवासीले सालका रुख कटानमा संलग्न व्यक्तिको पहिचान नखुले पनि काठ तस्करीको उद्देश्यले रुख ढालिएको हुन सक्ने आशंका गरिएको छ।

नविल बैंक लिमिटेडबाट फोन लोन उपभोग गरेका तपसिलमा उल्लेखित ऋणीहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैंतिस) दिने सुचना

(प्रकाशित मिति : २०८३/०७/१३)

यस नविल बैंक लि. बाट फोन लोन/कर्जा उपभोग गरिरहनु भएका तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट प्राप्त गरेको फोन लोन/कर्जा उपभोग गरे वापत बैंकलाई तोकिएको भाका अवधि भित्र तोकिएको तरिका बमोजिम गरी तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा बैंकको नीति, नियम बमोजिम जे जो लागेको वा लाग्ने हर्जाना ब्याज, अन्य दै-दस्तुर समेतको रकम तिर्न बुझाउन बैंकको तर्फबाट पटक-पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुँदा यो **ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैंतिस)** दिने सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि तपाईं ऋणीहरुले उपभोग गर्नु भएको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर बापतको रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला। अन्यथा, नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन, परिपत्र, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम तपाईं ऋणीहरुको नाम कर्जा सुचना केन्द्र लि. को कालोसुचीमा सुचिकृत गरिने तथा कर्जा असुलीसाग सम्बद्ध अन्य आवश्यक कानुनी कारवाहीहरु गरी बैंकको लेना बक्यौता कर्जा रकम असुल उपर गरिने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं।


१. नाम: रुपेश सिंह बाबु: हरिचन्द्र बाजे: राम सरुप राउत नागरिकता नं.:३२-०१-७५-००६२८, रौतहट स्थायी ठेगाना: फतुहा बिजयपुर-०१, रौतहट	२. नाम: मुकेश बजगाई बाबु: मोहन प्रसाद बजगाई बाजे: कृष्ण प्रसाद बजगाई नागरिकता नं.:०५१०६६/११८१, मोरङ्ग स्थायी ठेगाना: आम्तेक-०६, भोजपुर	३. नाम: अटल वि.सी. बाबु: धर्म सिं कामी बाजे: कालुराम कामी नागरिकता नं.:७१-०१-७७-००९२५, बझाङ्ग स्थायी ठेगाना: वित्थडचिर -०९, बझाङ्ग	४. नाम: मुकुन्द पराजुली बाबु: निर्मल कुमार पराजुली बाजे: कृष्ण प्रसाद पराजुली नागरिकता नं.:०४१०१४/२०२७, झापा स्थायी ठेगाना: गरामनी-०९, झापा	५. नाम: शक्ति घतानी बाबु: मन बहादुर नेपाली बाजे: सन बहादुर घतानी नागरिकता नं.:०१-०१-७८-०१०३४, ताप्लेजुङ स्थायी ठेगाना: सिरिजङ्गा-०२, ताप्लेजुङ	६. नाम: अभिनाश कुमार चौधरी बाबु: लक्ष्मण थारु बाजे: धनि लाल थारु नागरिकता नं.:०५-०२-८०-००१३२, मोरङ्ग स्थायी ठेगाना: बेलबारी-०९,मोरङ्ग
७. नाम: अवधेश राय बाबु: राम विश्वास राय बाजे: आनन्द राय नागरिकता नं.:१९-०१-७८-०७८१४, सर्लाही स्थायी ठेगाना: विष्णु-०८, सर्लाही	८. नाम: रुपेश गौतम बाबु: विजय कुमार गौतम बाजे: कविराज शर्मा नागरिकता नं.:५२-०२-७६-०३८९९, दाङ स्थायी ठेगाना: तुल्सीपुर-१०,दाङ	९.नाम: दिनेश खनाल बाबु: लोगराज जैसी बाजे: जयरुप जैसी नागरिकता नं.:६९-०१-७८-०६२७९, अछाम स्थायी ठेगाना: पंचदेवल विनायक-०८, अछाम	१०. नाम: धिरज तुम्बापो बाबु: राज कुमार तुम्बापो बाजे: बम प्रसाद तुम्बापो नागरिकता नं.:०२-०१-७९-०१५९५, पाँचथर स्थायी ठेगाना: फिदिम-०५, पाँचथर	११. नाम: सिराज अहमद दर्जी बाबु: कलप हुसेन दर्जी बाजे: अकबल दर्जी नागरिकता नं.:३८-०२-७५-००१२०, कपिलवस्तु स्थायी ठेगाना: शिवराज-०४, कपिलवस्तु	१२. नाम: विनय सिंह कार्की बाबु: यम बहादुर सिंह बाजे: पि पि गुरुङ नागरिकता नं.:स.१/१९२/९५३, कपिलबस्तु स्थायी ठेगाना: तौलिहवा-०१, कपिलवस्तु
१३. नाम: किशोर नगरकोटी बाबु: रण बहादुर नगरकोटी बाजे: राम बहादुर नगरकोटी नागरिकता नं.:२५-०१-८०-०३११९, नुवाकोट स्थायी ठेगाना: विदुर-१०, नुवाकोट	१४. नाम: शुसिल कुमार यादव बाबु: शैलेन्द्र कुमार यादव बाजे: राम नारायण यादव नागरिकता नं.:३४-०१-७८-११८६०, पर्सा स्थायी ठेगाना: सखुवा प्रसौनी-०६, पर्सा	१५. नाम: रन्जीत कुमार सहनी बाबु: ज्ञानदेव सहनी मलाह बाजे: केबल सहनी नागरिकता नं.:०५-०१-८०-०८३१५, मोरङ्ग स्थायी ठेगाना: विराटनगर-१८, मोरङ्ग	१६. नाम: अमन कुमार साह बाबु: राम नगीना साह बाजे: राम स्वरुप साह नागरिकता नं.:१९-०१-८१-०४३९९, सर्लाही स्थायी ठेगाना: हरिपुर्वा-०५, सर्लाही	१७. नाम: कोमल कुमार रायमाझी बाबु: पदम बहादुर रायमाझी बाजे: खड्ग बहादुर रायमाझी नागरिकता नं.:२७२१५६/२७७६/२४०९६, काठमाडौं स्थायी ठेगाना: जोरपाटी-०८, काठमाडौं	१८. नाम: इन्दिरा रेग्मी गिरी बाबु: कमल बहादुर रेग्मी बाजे: कृष्ण बहादुर रेग्मी नागरिकता नं.:२४-०१-७२-९, सिन्धुपाल्चोक स्थायी ठेगाना: थाङ्गपालकोट-०३, सिन्धुपाल्चोक
१९. नाम: श्रीलाल सरदार बाबु: पन्नालाल सरदार थारु बाजे: अधिक लाल थारु नागरिकता नं.:०६७०७७७/७१७७७, सुनसरी स्थायी ठेगाना: पुर्वकुशाहा-०५, सुनसरी	२०. नाम: राजन के.सी बाबु: गौतम के.सी बाजे: लाल बहादुर के.सी नागरिकता नं.:१२११०२, काभ्रेपलाञ्चोक स्थायी ठेगाना: भुम्लु-०१, काभ्रेपलाञ्चोक	२१. नाम: सुशान श्रेष्ठ बाबु: राजेश श्रेष्ठ बाजे: भौरव श्रेष्ठ नागरिकता नं.: २७१०६०/१०७९८९, काठमाडौ स्थायी ठेगाना: काठमाडौ-०६, काठमाडौ	२२. नाम: तर्क बहादुर भण्डारी बाबु: प्रेम बहादुर भण्डारी बाजे: झुप राम भण्डारी नागरिकता नं.:६३२०३९/६१७, दैलेख स्थायी ठेगाना: दुल्लू-०५, दैलेख	२३. नाम: उज्जल मंघ्राती बाबु: नवराज मंघ्राती बाजे: बाबुलाल मंघ्राती नागरिकता नं.:१९/२०८९/४७०, सर्लाही स्थायी ठेगाना: हरिवन-०१, सर्लाही	२४. नाम: सुमित्रा कुमारी थारु बाबु: तुल्सीराम थारु बाजे: भागिरथ थारु नागरिकता नं.:६५-११-७०-००४०४, बर्दिया स्थायी ठेगाना: बेलवा-०९, वर्दिया
२५. नाम: नवराज नेपाल बाबु: टीकाराम नेपाल बाजे: तिर्थराज नेपाल नागरिकता नं.:०९-०१-७७-००१७६, भोजपुर स्थायी ठेगाना: टेम्केमैयुङ-०७, भोजपुर	२६. नाम: उदय मुखिया बाबु: राम ईश्वर मुखिया बाजे: रामसुरत मुखिया नागरिकता नं.:१९-०६-७८-०३३४८, सर्लाही स्थायी ठेगाना: बरहथवा-०७, सर्लाही	२७. नाम: राज पाण्डेय बाबु: सुरेश कुमार पाण्डेय बाजे: राम विलास पाण्डेय नागरिकता नं.:१८-०१-७३-०५८५४, महोत्तरी स्थायी ठेगाना: इटहर्वाकट्टी-०७, महोत्तरी	२८. नाम: सोनु गुप्ता बाबु: श्याम सुन्दर साह रोनियार बाजे: जगदेव प्रसाद साह नागरिकता नं.:०५-०१-८०-०४७४८, मोरङ्ग स्थायी ठेगाना: विराटनगर-०९, मोरङ्ग	२९. नाम: रविन्द्र कुमार उपाध्याय बाबु: गंगाराम पाध्य बाजे: राम पाध्य नागरिकता नं.:१७९४/२०९६, बारा स्थायी ठेगाना: हरैंचा-०६, बारा	३०. नाम: दिपेश खत्री बाबु: राज कुमार खत्री बाजे: धन बहादुर खत्री नागरिकता नं.:२४-०१-७५-०६३७३, सिन्धुपाल्चोक स्थायी ठेगाना: चौतारा साँगाचोकगढी-०६, सिन्धुपाल्चोक
३१. नाम: सुनिल बस्नेत बाबु: कुल बहादुर बस्नेत बाजे: रङ्ग बहादुर बस्नेत नागरिकता नं.:३०१०४२/१७३४७२, काभ्रे पलाञ्चोक स्थायी ठेगाना: बनेपा-०६, काभ्रेपलाञ्चोक	३२. नाम: जुमदिन मिया अंसारी बाबु: रहमत मिया अंसारी बाजे: साहेब मिया अंसारी नागरिकता नं.:३४-०१-७२-०१५६९, पर्सा स्थायी ठेगाना: वीरगन्ज-२०, पर्सा	३३. नाम: ज्योति तामाङ बाबु: धन सिा तामाङ बाजे: सेर मान तामाङ नागरिकता नं.:२१-०१-७४-००९८४, रामेछाप स्थायी ठेगाना: दोरम्बा-०२, रामेछाप	३४. नाम: अर्जनप्रसाद मैनाली बाबु: नारायण प्रसाद मैनाली बाजे: चन्द्र प्रसाद मैनाली नागरिकता नं.:९८०९१, काभ्रेपलाञ्चोक स्थायी ठेगाना: कुरुवास चापाखोरी-०४, काभ्रे	३५. नाम: रविन कुमार नगरकोटी बाबु: राम बहादुर नगरकोटी बाजे: गोरे नगरकोटी नागरिकता नं.:२५-०१-७६-०२८३२, नुवाकोट स्थायी ठेगाना: विदुर-१०,नुवाकोट	३६. नाम: सुरज अधिकारी बाबु: सुभास चन्द्र अधिकारी बाजे: श्री प्रसाद अधिकारी नागरिकता नं.:४४४४१०३४/३९९, गोरखा स्थायी ठेगाना: मुच्चोक-०६, गोरखा
३७. नाम: आषिश के.सी. बाबु: भिमसेन के.सी. बाजे: अर्जन बहदुर के.सी नागरिकता नं.:३०-०१-७१-०१२७६, काभ्रे पलाञ्चोक स्थायी ठेगाना: बनेपा-११, काभ्रेपलाञ्चोक	३८. नाम: वृद्धि बहादुर गुरुङ बाबु: लक्ष्मन गुरुङ बाजे: गंजे गुरुङ नागरिकता नं.:४५-१०-७०-०००६०, लमजुङ स्थायी ठेगाना: खुदी-०३, लमजुङ	३९. नाम: विवेक सिंह बाबु: राज किशोर महतो बाजे: गंगाराम महतो नागरिकता नं.:१८२०६९/६४१६, महोत्तरी स्थायी ठेगाना: गौशाला-०१, महोत्तरी	४०. नाम: राम वहादुर तामाङ बाबु: चित्र वहादुर तामाङ बाजे: मान वहादुर तामाङ नागरिकता नं.:२८४८३, लमजुङ स्थायी ठेगाना: वेसीशहर-१०, लमजुङ	४१. नाम: प्रदिप तामाङ्ग बाबु: मिन बहादुर तामाङ्ग बाजे: मान बहादुर तामाङ्ग नागरिकता नं.:०६-०१-७५-१२१३०, सुनसरी स्थायी ठेगाना: इटहरी-०७, सुनसरी	४२. नाम: विक्रम थापा बाबु: होम बहादुर थापा बाजे: नर बहादुर थापा नागरिकता नं.:२१-०१-७४-००२६८, रामेछाप स्थायी ठेगाना: लिखु-०६, रामेछाप
४३. नाम: विवेक थारु बाबु: हिकमत चोधरी बाजे: जित बहादुर थारु नागरिकता नं.:६५-०२-७६-०१५८४, बर्दिया स्थायी ठेगाना: राजापुर-०४, बर्दिया	४४. नाम: नविन राय बाबु: दुर्गा कुमार राय बाजे: सत्यनारायण राय नागरिकता नं.:०५-०१-७०-१५८११, मोरङ्ग स्थायी ठेगाना: विराटनगर-१२, मोरङ्ग	४५. नाम: दिपेश बस्नेत बाबु: बद्रि बहादुर बस्नेत बाजे: कर्ण बहादुर बस्नेत नागरिकता नं.:९८७४१/९९७४१, सुनसरी स्थायी ठेगाना: मधेशा-०६,सुनसरी	४६. नाम: मंगेश राई बाबु: जीत बहादुर राई बाजे: नर बहादुर राई नागरिकता नं.:०३-२-०१०/८४७, इलाम स्थायी ठेगाना: चमैता-०९, इलाम	४७. नाम: बिष्णु खड्का बाबु: कुमार खड्का बाजे: सूर्य बहादुर खड्का नागरिकता नं.:२९५८८, भक्तपुर स्थायी ठेगाना: मध्यपुर थिमी-०१, भक्तपुर	४८. नाम: रविन्द्र चन्द बाबु: हरिश बहादुर चन्द बाजे: कृपा चन्द नागरिकता नं.:७५१००१/१२१२२, कन्चनपुर स्थायी ठेगाना: भीमदत्त-११, कन्चनपुर
४९. नाम: अवधेश साह बाबु: राजकिशोर साह बाजे: रामदेव साह नागरिकता नं.:१९१०४३/२६, सर्लाही स्थायी ठेगाना: चन्द्रनगर-०७, सर्लाही	५०. नाम: निखिल साह हलुवाई बाबु: गंगा कुमार साह हलुवाई बाजे: तुनई साह हलुवाई नागरिकता नं.:०६-०१-७६-१०४६६, सुनसरी स्थायी ठेगाना: इटहरी-०६, सुनसरी	५१. नाम: मुकेश शर्मा (न्यौपाने) बाबु: शेमन्त राज शर्मा (न्यौपाने) बाजे: शिवराज शर्मा न्यौपाने नागरिकता नं.:०४-०१-०६८-०२३५४, झापा स्थायी ठेगाना: दुहागढी-०४, झापा	५२. नाम: लोक राज पाण्डे बाबु: देवीलाल पाण्डे बाजे: देवी प्रसाद पाण्डे नागरिकता नं.:५९-०२-७५-००१२८, हुम्ला स्थायी ठेगाना: अदानचुली-०६, हुम्ला	५३. नाम: रोहित शाही ठकुरी बाबु: चित्र बहादुर शाही ठकुरी बाजे: सेर बहादुर शाही ठकुरी नागरिकता नं.:२७-०१-७९-०९६७९, काठमाडौँ स्थायी ठेगाना: नागार्जुन-०३, काठमाडौँ	५४. नाम: श्याम किशोर प्रसाद साह बाबु: सुरेश कुमार कलवार बाजे: राम प्रसाद साह कलवार नागरिकता नं.:३३१०९१/२०५३८, बारा स्थायी ठेगाना: विश्रामपुर-०२, बारा
५५. नाम: जित बहादुर तामाङ बाबु: काले तामाङ बाजे: गोरे तामाङ नागरिकता नं.:३९२४६, नुवाकोट स्थायी ठेगाना: शिवपुरी-०२, नुवाकोट	५६. नाम: हेमन्तराज सिंह ठकुरी बाबु: नगेन्द्र सिंह ठकुरी बाजे: खड्ग बहादुर सिंह ठकुरी नागरिकता नं.:०६१०४४/१४५८८७, सुनसरी स्थायी ठेगाना: मधुवन-०७, सुनसरी	५७. नाम: कोपिला परियार बाबु: चन्द्र बहादुर दर्जी बाजे: खम बहादुर दर्जी नागरिकता नं.:३५-०१-७७-०३०३१, चितवन स्थायी ठेगाना: भरतपुर-०६, चितवन	५८. नाम: महम्मद समीर आलम मिया बाबु: अबुलेश मिया बाजे: फुलमोहमद मिया नागरिकता नं.:३४-०१-७७-०४०८६, पर्सा स्थायी ठेगाना: वीरगंज-२१, पर्सा	५९. नाम: कमलेश राय बाबु: राम किशोर राय बाजे: राज नारायण राय नागरिकता नं.:१९-०६-७७-०१०२१, सर्लाही स्थायी ठेगाना: बरहथवा-०६, सर्लाही	६०. नाम: रोशन भण्डारी बाबु: :खड्ग बहादुर भण्डारी बाजे: जनक बहादुर भण्डारी नागरिकता नं.:२११०४१/७११३/२१३०४१/४१,रामेछाप स्थायी ठेगाना: गागलभडौरे-०९, रामेछाप
६१. नाम: समिर आलम बाबु: जाकिर हुसेन अंसारी बाजे: आश महमद अंसारी नागरिकता नं.:३३-०१-७६-०९५१२, बारा स्थायी ठेगाना: परवानीपुर-०२, बारा	६२. नाम: कवि प्रसाद कलौनी बाबु: श्याम प्रसाद कलौनी बाजे: धर्मनन्द कलौनी नागरिकता नं.:७५-०१-७५-०६५६२, कन्चनपुर स्थायी ठेगाना: भीमदत्त-०१, कन्चनपुर	६३. नाम: माधव कुमार बि.क. बाबु: तकमाने कामी बाजे: धने कामी नागरिकता नं.:६३-०२-७६-०१७६१, दैलेख स्थायी ठेगाना: दुल्लु-०५, दैलेख	६४. नाम: लक्षमण शाही बाबु: चहेन्द्र बहादुर शाही बाजे: धन बहादुर शाही नागरिकता नं.:६९-०१-७६-०१९७४, अछाम स्थायी ठेगाना: तुर्माखाँद-०५, अछाम	६५. नाम: सुरज दंगाल बाबु: पुष्पलाल दंगाल बाजे: मेग नाथ दंगाल नागरिकता नं.:०२/४४८, झापा स्थायी ठेगाना: बुधबारे-०७, झापा	६६. नाम: सन्दिप ढकाल बाबु: राम चन्द्र ढकाल बाजे: मित्रलाल ढकाल नागरिकता नं.:३५-०१-७५-०२९८६, चितवन स्थायी ठेगाना: भरतपुर-१४, चितवन
६७. नाम: श्रीजन बस्नेत बाबु: शुशिल कुमार बस्नेत बाजे: उज्जल बस्नेत नागरिकता नं.:३४-०१-७२-०५३१०, पर्सा स्थायी ठेगाना: वीरगंज-०४, पर्सा	६८. नाम: प्रदिप सापकोटा बाबु: राम प्रसाद सापकोटा बाजे: भब नाथ सापकोटा नागरिकता नं.:१३६७०, काठमाडौ स्थायी ठेगाना: डाँछी-०५,काठमाडौ	६९. नाम: विजय प्रकाश साह बाबु: रामवालक प्रसाद साह बाजे: दयाराम साह नागरिकता नं.:३३१०८३/४७८७, बारा स्थायी ठेगाना: प्रस्टोका-०३, बारा	७०. नाम: प्रेरणा चन्द बाबु: मान बहादुर चन्द बाजे: कृष्ण बहादुर चन्द नागरिकता नं.:७४-०१-७९-०१६३६, डडेल्धुरा स्थायी ठेगाना: भागेश्वर-०३, डडेल्धुरा	७१. नाम: नवराज माझी बाबु: जयराम माझी बाजे: हिरालाल माझी नागरिकता नं.:३१-०१-७५-११८६३, मकवानपुर स्थायी ठेगाना: वाग्मती-०१, मकवानपुर	७२. नाम: करण तिमल्सिना बाबु: कृष्ण बहादुर तिमल्सिना बाजे: केशर बहादुर तिमल्सिना नागरिकता नं.:२५-०१-७०-०९८४३, नुवाकोट स्थायी ठेगाना: बुधसिङ्-०३, नुवाकोट

७३. नाम: आसा थारु बाबु: भोज लाल थारु बाजे: राज मान थारु नागरिकता नं.:६५-०१-७५-०१८००, बर्दिया स्थायी ठेगाना: बढैयाताल-०७, बर्दिया	७४. नाम: टिका सिंह राउत बाबु: मदन सिंह राउत बाजे: पदम सिंह राउत नागरिकता नं.:७४-०२-७६-०६९२५, डडेल्धुरा स्थायी ठेगाना: परशुराम-०४, डडेल्धुरा	७५. नाम: सुमन भट्टराई बाबु: तिर्थ कुमार भट्टराई बाजे: मन कृष्ण भट्टराई नागरिकता नं.:०४-०१-७५-१००५०, झापा स्थायी ठेगाना: भद्रपुर-१०, झापा	७६. नाम: चन्द्रकाला ढकाल (कार्की) बाबु: दधिराम ढकाल बाजे: प्रेम लाल ढकाल नागरिकता नं.:०४१०१३/६१९, झापा स्थायी ठेगाना: मेचीनगर-१०, झापा	७७. नाम: प्रजिन कुमार कार्की बाबु: सुर्य बहादुर कार्की बाजे: रवि धोज कार्की नागरिकता नं.:३१-०१-७७-०४३९०, मकवानपुर स्थायी ठेगाना: हेटौडा-११, मकवानपुर
७८. नाम: सुरेश तामाङ बाबु: निङ लाल तामाङ बाजे: फुर्पा तामाङ नागरिकता नं.:२४-०१-७६-०००७१, सिन्धुपाल्चोक स्थायी ठेगाना: जुगल-०७, सिन्धुपाल्चोक	७९. नाम: कृष्ण न्यौपाने बाबु: डिग बहादुर न्यौपाने बाजे: पदम बहादुर न्यौपाने नागरिकता नं.:०४-०१-६९-०४१६४, झापा स्थायी ठेगाना: अनारमनी-०४, झापा	८०. नाम: सन्देश लम्साल बाबु: प्रकाश लम्साल बाजे: देव बन्दु लम्साल नागरिकता नं.:४२२०१५/४७०, स्याङ्जा स्थायी ठेगाना: चिन्नेवास-०८, स्याङ्जा	८१. नाम: सिता के.सी बाबु: रुद्र बहादुर भण्डारी बाजे: बाके बिर भण्डारी नागरिकता नं.:५०२५४, कास्की स्थायी ठेगाना: पोखरा-१४, कास्की	८२. नाम: दिनेश खडका बाबु: मान बहादुर खडका बाजे: दिल बहादुर खडका नागरिकता नं.:२२१००३-६८१, दोलखा स्थायी ठेगाना: भेड्पु-०९, दोलखा

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

मध्यान्ह राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

नयाँ नेपाली ओटिटी प्लेटफर्म 'मेरोस्ट्रिम' सुरु



काठमाडौं / मस – नेपाली मनोरञ्जनलाई डिजिटल माध्यमबाट दर्शकसम्म पुऱ्याउने उद्देश्यले स्थापित नयाँ ओटिटी प्लेटफर्म 'मेरोस्ट्रिम' सोमबारबाट औपचारिक रूपमा सञ्चालनमा आएको छ । सदस्यता शुल्कमा आधारित यो प्लेटफर्मले दर्शकलाई एउटै सदस्यताबाट चलचित्र, वृत्तचित्र, लघुचलचित्र, सो र वेबसिरिज हेर्न सक्ने सुविधा दिएको छ । नेपालमा इन्टरनेट र स्मार्टफोनको पहुँच बढ्दै गए पनि नेपाली सामग्रीका लागि भरपर्दो र व्यवस्थित डिजिटल मञ्चको अभाव कायमै छ। दर्शकले आफ्नै भाषा र संस्कृतिका सामग्री हेर्न चाहँदा कहिले युट्युबमा छरिएका भिडियो खोज्नुपर्छ, कहिले सिनेमा हलमा सीमित अवधिका लागि मात्र पर्खनुपर्छ। यही अभाव पूरा गर्ने उद्देश्यले मेरोस्ट्रिम सञ्चालनमा आएको हो ।

मेरोस्ट्रिमले दर्शकको आवश्यकता र खर्च गर्न सक्ने क्षमताअनुसार बेसिक, स्ट्यान्डर्ड र प्रिमियम गरी तीन सदस्यता योजना ल्याएको छ ।

बेसिक : एक्लै हेर्नेका लागि बनाइएको यो योजना मासिक २ ९९ रुपैयाँबाट सुरु हुन्छ । यसमा १०८०पी (फुल एचडी) गुणस्तरमा एकपटकमा एउटा डिभाइसमा हेर्न मिल्छ । तीन महिनाका लागि ८४९, ६ महिनाका लागि १ हजार ६०९ र वार्षिक २ हजार ८६९ रुपैयाँ तिर्न सकिन्छ ।

स्ट्यान्डर्ड : दम्पती तथा साना घरपरिवारका लागि भनिएको यो योजना मासिक ३९९ रुपैयाँमा उपलब्ध छ । यसमा १०८०पी (फुल एचडी) गुणस्तरमा एकैसाथ दुईवटा डिभाइसमा हेर्न सकिन्छ । तीन महिनाको १ हजार १२९, ६ महिनाको २ हजार १४९ र वार्षिक ३ हजार ८२९ रुपैयाँ शुल्क तोकिएको छ ।

प्रिमियम : सिंगो परिवारका लागि बनाइएको र प्लेटफर्मले 'लोकप्रिय' भनेर चिनाएको यो योजना मासिक ५९९ रुपैयाँमा उपलब्ध छ । यसमा चयनित सामग्रीमा फोर के (अल्ट्रा एचडी) गुणस्तरमा हेर्न पाइन्छ र एकैसाथ चारवटासम्म डिभाइसमा चलाउन मिल्छ । तीन महिनाको १ हजार ६९९, ६ महिनाको ३ हजार २२९ र वार्षिक ५ हजार ७४९ रुपैयाँ शुल्क छ । टिमका अनुसार तीनवटै योजनामा विज्ञापनमुक्त हेर्न पाइन्छ, एउटै खातामा चारवटासम्म प्रोफाइल बनाउन सकिन्छ र क्रोमकास्ट वा एयरप्लेमार्फत टिभीमा हेर्न सकिन्छ । लामो अवधिको योजना रोज्दा मासिकभन्दा सस्तो पर्छ । ६ महिनाको योजनामा १० प्रतिशत र वार्षिक योजनामा २० प्रतिशतसम्म बचत हुने प्लेटफर्मले जनाएको छ । प्रति सामग्री शुल्क, भाडा वा क्रेडिट जस्ता थप खर्च छैन, र कुनै सम्झौता वा सेट-अप शुल्क पनि लाग्दैन ।

मेरोस्ट्रिमका अनुसार एउटै सदस्यताले पूरा सामग्री सूची समेट्छ । नयाँ सामग्री प्रत्येक हप्ता वा महिना थपिँदै जानेछ । केही सामग्री निश्चित देशका लागि मात्र इजाजत लिइएको हुने भएकाले दर्शक जुन देशमा छ, त्यहीँ उपलब्ध सामग्री मात्र देखिन्छ । यात्रामा हुँदा दर्शकले त्यस बेला रहेको देशमा उपलब्ध सामग्री हेर्न पाउँछन् । भिसा, मास्टरकार्ड र अमेरिकन एक्सप्रेसबाट जुनसुकै देशबाट भुक्तानी गर्न सकिन्छ । नेपाल र केही अन्य देशमा खल्ती र इसेवाबाट नेपाली रुपैयाँमै भुक्तानी गर्न मिल्छ । कार्डबाट गरिएको भुक्तानी प्रत्येक बिलिङ अवधिको अन्त्यमा स्वतः नवीकरण हुन्छ, जसले सेवामा अवरोध आउँदैन । खल्ती र इसेवाबाट गरिएको भुक्तानी भने आफैं नवीकरण हुँदैन, प्रयोगकर्ताले फेरि भुक्तानी गर्नुपर्छ । म्याद सकिनु अगाडि प्लेटफर्मले सम्झना गराउने जनाएको छ । सदस्यता रद्द गर्न खाता सेटिङमा गएर छनोट गर्नुपर्छ । रद्द गर्दा कुनै शुल्क लाग्दैन । चालु अवधि सकिएसम्म पूर्ण पहुँच कायम रहन्छ र त्यसपछि सदस्यता नवीकरण हुँदैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६४/०९/२२ मा दर्ता भएको **प्रा. लि. नं. ५०६०४** को श्री **मुड्स रेष्टुरेन्ट एण्ड बार प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/१७

मिति २०८३/०५/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सांविक कम्पनी **नेमुनि सप्लायर्स प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सांविक नाम परिवर्तन गरी **अष्टभ हस्पिटालिटी प्रा.लि (दर्ता नं.: २५८४२८)** कायम गर्ने गरी मिति २०८३/०६/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७२/१०/१२ मा दर्ता भएको **प्रा.लि.नं. १४४४६६** को **डि.सि. रियल स्टेट प्रा.लि** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०८/१२ मा दर्ता भएको **दर्ता नं. ३५६०८५** को **महक क्रिएशन प्रा.लि.** को मिति २०८३/०७/१५ गतेमा सम्पन्न एकल शेयरधनीको लिखित निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटरः शंकर खनाल, इजाजतपत्र नं. ४७२, फोन : ९८५१११६२०३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६९/१२/११ मा दर्ता भएको श्री **गोले पोलिक्लिनिक प्रा. लि. (प्रा.लि. नं. ११०८६०)** नामक कम्पनीले दर्ता दारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६८/०४/०३ मा दर्ता भएको श्री **भिंगु बिल्डर्स प्रा. लि. (प्रा.लि. नं. ८४६५२)** नामक कम्पनीले दर्ता दारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७९/०७/०२४ मा दर्ता भएको श्री **फनट्यास्टिक इमेन्ट्स प्रा. लि. (प्रा.लि. नं. ३०१९७१)** नामक कम्पनीले दर्ता दारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

Shree Janta Model (Technical) Secondary School

Sonwarsha Navrajpur-04, Siraha, Madhesh Province, Nepal.

Addendum Notice

Addendum-1
IFB No : JMT/NCB/WORKS/2083-084/01
Date of publication : 2083-07-17 (03 Nov, 2026)

1. With Reference to the invitation for bid Published (Hard Copy) on 2083-06-28 (14th Oct 2026) for the Procurement of Contract ID : JMT/NCB/WORKS/2083-084/01 "Construction of Entrance Gate, Technical building maintenance, Canteen, Stage, Cycle stand, Septic tank & Soak pit works of Shree Janta Model (Technical) Secondary School, Sonwarsha, Navraajpur-04, Siraha", the following addendum has been made;

S.N.	Item	Previous Unit	Revised Unit
1	Supply of 4 sq mm wire for wiring all complete	Set	Rm
2	Supply of 1.5 Sq mm wire for wiring all complete	Set	Rm
3	Supply of 2.5 Sq mm wire for wiring all complete	Set	Rm

The Revised bid document will be made available to the bidder's at Shree Janta Model (Technical) Secondary School, Sonwarsha during office hours till Mangsir 02, 2083 (Nov-18, 2026 A.D.). However, last date of bid submission is extended up to Mangsir-03, 2083 (Nov-19, 2026 A.D.) till 12:00 hours.The bid opening date will be Mangsir-03, 2083 (Nov 19, 2026 A.D.) at 14:00 hours.

2. For Further information will be obtained from Contact no. +977-9819978125, 9849029902 or email address: jmtsonwarsha@gmail.com.

3.Required Validity period of bid -90 days from extended bid submission deadline. Required Validity period of bid security -120 days from bid opening till 2083-12-04 B. S. (18th March, 2027).

Head Master

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६८/०८/१२ मा दर्ता भएको **प्रा.लि.नं. ८८२१५** को **अन्नपुर्ण ओभरसिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/१२/२२ मा दर्ता भएको **प्रा.लि.नं. २८८४७२** को **सिड्स एण्ड हार्भेष्ट एग्रीकल्चर फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०२/२१ मा दर्ता भएको **प्रा.लि.नं. ६३२७८** को **ट्रिनिटी म्यानपावर कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७१/०६/०२ मा दर्ता भएको **कृष्ण कालिन्चोक निर्माण सेवा प्रा.लि.(प्रा.लि. नं. १२६८३३)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३५८८६०/५३५९२२९ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा, विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१.	**१) ऋणी फर्म: एच पी इन्टरप्राइजेज, प्रोप्राईटर तथा जमानीकर्ता : हरि प्रसाद राजचल** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा), काठमाडौंमा प्रा.फ.र.नं. ६९४४२/०६१/६२, दर्ता मितिः २०६१/१२/१०, ठेगानाः जिल्ला भक्तपुर, सूर्यविनायक न.पा. वडा नं. ५

धितोको विवरण

१) लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्न **हरि प्रसाद राजचल**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, कट्ठन्जे गा.वि.स. वडा नं. ८ क (हाल सूर्यविनायक न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-२-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
